संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३११, ● अंक ४ ● २०८० साल कात्तिक १६-३० गते (2 Nov., 16 Nov., 2023) ● मूल्य रु. १०

## चुरे उत्खनन्

# घर जलाएर खरानीको व्यपार



■ उपेन्द्र यादव

◆ नेपालको सबभन्दा संवेदनशिल ठाउँ भनेको चुरेभावर क्षेत्र हो । चुरेभावर क्षेत्र भनेको पानी रिजर्व गर्ने ठाउँ हो ।

◆ नेपालमा धेरै कुरा उठेपछि २०७१ सालमा संसदबाट पारित नै गरेर चुरे क्षेत्रबाट ढुगां, गिटी, बालुवा झिक्न प्रतिबन्ध लगाएको थियो ।

◆ नेकपा एमालेको अर्थमन्त्री हुँदाखेरी बजेटमार्फत चुरे क्षेत्रबाट बालुवा, गिटी निकालेर बाहिर निकासी गर्ने प्रस्ताव आउँदा त्यसको ब्यापक विरोध भयो ।



संसारभरी जनसँख्याको चाप बढ्दैछन् भने अर्कातर्फ आप्रवासन र बेरोजगारी पनि बढ्दैछन् । विकसित औद्योगिक राष्ट्रहरुले गरेका वैज्ञानिक प्रयोगहरु र गरेका उत्पादनहरु, आणविक भठ्ठीहरु लगायतका स्थानबाट उत्पन्न भएका जहरिला ग्यास, सल्फर डायक्साइड, कार्बन मनोसाइड जस्ता अन्य प्रदुषण लगायतका कारण विश्वव्यापी तापक्रम बढी रहेका छन् ।

यसबाट सबै प्रभावित भइरहेका छन् । त्यसबाट नेपाल प्रभावित नहुने कुरा नै हुँदैन । नेपालको पर्यावरण सन्तुलनमा 'वर्ल्ड वार्मिङ'ले ठूलो असर पारेको छ । यसबाट पर्ने दुष्परिणाम र असरको अग्रपंक्तिमा नेपाल परेको छ । नेपालमा हरेक वर्ष तापक्रम बढ्ने, वर्षा अनिश्चित हुने र वन जंगल तथा वन्यजन्तुको नाश हुने क्रम तीब्र रुपमा बढेका छन् ।

हिमाली तथा पहाडी क्षेत्रमा हिउँ कम परिरहेका छन् तर पघलिने क्रम अत्याधिक छन्, जसले गर्दा ग्ल्यासियरहरु बढ्दै जाने गरेको कारण त्यहाँ खतरा उत्पन्न हुने देखिएको छ । पहाडबाट वन विनाशका कारणले त्यहाँ हुने भुक्षयका कारण ढुगां, बालुवा बगाएर ल्याएर तराई मधेशको नदीहरुमा थुपार्ने गरेका हुन्छन् । र, यो तराई मधेश हुँदै बङगाल खाडीसम्म पुग्ने गर्छन् ।

**संवेदनशिल चुरे**

नेपालको सबभन्दा संवेदनशिल ठाउँ भनेको चुरेभावर क्षेत्र हो । चुरेभावर क्षेत्र भनेको पानी रिजर्व गर्ने ठाउँ हो । त्यसले वतावरण सन्तुलन गर्ने देखि लिएर त्यस क्षेत्रका पर्यावरणलाई समेत बचाई राखेका छन् । यो क्षेत्रमा विश्वका वैज्ञानिक, विज्ञहरुले बसोवास गर्ने, सडक खन्ने, होटल व्यावसाय चलाउने, ढुङ्गा, गिटी बालुवा झिक्ने, काठ काट्ने जस्ता कार्य रोक्न पटक पटक आह्वान गरेका छन् । अन्तराष्ट्रिय रुपमा पनि त्यस्तो ठाउँबाट बालुवा, गिटी, ढुगां उत्खनन् गर्नु हुँदैन भनि भन्दै आएको छ । चुरे क्षेत्रलाई संरक्षण गर्न सके मात्र नेपालको पर्यावरणलाई जोगाउन सकिन्छ ।

जैविक विविधता तथा वतावरण जोगाउनका लागि चुरे भावर यति नै आवश्यक हो भन्ने कुरा वैज्ञानिक रुपमा पुष्टि भएको छ । यहाँसम्म कि संयुक्त राष्ट्र संघको युनेस्कोले समेत चुरे बचाउनका लागि अर्बौ खर्च गरिरहेका छन् । चुरेको पर्यावरण जोगाउनका लागि ।

**सरकार असंवेदनशिल**

नेपालमा धेरै कुरा उठेपछि २०७१ सालमा संसदबाट पारित नै गरेर चुरे क्षेत्रबाट ढुगां, गिटी, बालुवा झिक्न प्रतिबन्ध लगाएको थियो । तर पछिल्लो समयमा सरकारले यो संवेदनशिल कुरालाई बेवास्ता गरेको देखिन्छ । चुरे हुँदै राजमार्ग बनाउने, राजमार्ग बनाएपछि त्यहाँ वस्ती बढ्ने भयो, वस्ती बढ्दा व्यवसाय बढ्ने भयो । यी सब सरकारले जानी जानी गरेको देखिन्छ ।

जनताले त्यसको परिणाम सोझै भोग्नु परेको छ । जस्तो कि यसपालीको वर्षायाममा वर्षा नै भएन । असार, साउनमा बाढी आउने समय हो तर त्यो सिजनमा तराई मधेशमा पानीको सतह ४०० फिटभन्दा तल गयो । पोखरी, खोला नाला, इनार, कुवा, हातेपाइपहरु सुके । जिवजन्तुले पानी खान नपाएर धेरैको मृत्यु भयो जस्ता अवस्था तराई मधेशमा यसपाली देखा परे । यस्तो संवेदनशिल अवस्था हुँदाहुँदै पनि नेपालको जैविक, पर्यावरण व्यवस्थाको संरक्षण गरी विश्वव्यापी रुपमा भइरहेको वतावरण ह्रासबाट जोगाउन चुरे क्षेत्रलाई संरक्षण गर्नुपर्छ । चुरे क्षेत्रको संरक्षण नै मानव जीवनको संरक्षण हो ।

**विनाशलाई रोक्ने प्रयास**

नेकपा एमालेको अर्थमन्त्री हुँदाखेरी बजेटमार्फत चुरे क्षेत्रबाट बालुवा, गिटी निकालेर बाहिर निकासी गर्ने प्रस्ताव आउँदा त्यसको ब्यापक विरोध भयो । तर अहिलेका जनमोर्चा सहितको गठबन्धनले २०७८ जेठ २२ मा एउटा संयुक्त विज्ञप्ति निकालेर सो बजेटमा आएको चुरे सम्बन्धी विषय र सरकारले तयारी गरेको निकासीको तयारीलाई घोर भर्त्सना गर्दै हामीले यतिसम्म भन्यौं कि 'घर जलाएर खरानीको व्यपार गर्नु हुँदैन' । तराईको चुरेभावरलाई सिध्याएर त्यसको त्यसको व्यपार गर्नु भनेको घर जलाएर खरानीको व्यवपार गरे जस्तै हो भनि हामीले जोडदार रुपमा उठायौं । हामीले विरोध गरेपछि सरकारले त्यो कार्यान्वयनमा ल्याएन ।

बाँकी पृष्ठ ११ मा


## यस भित्र



नेपालका महिला र सवैधानिक अधिकार
● लेख, पृष्ठ ४



उपेन्द्र र गजेन्द्रको तुलना गर्न सकिदैन
● अन्तरवार्ता, पृष्ठ ५



आफ्नो लागि लड्दा लड्दै अरुको लागि आवाज बन्नुभयो किर्तिका
● मध्यपृष्ठ, पृष्ठ ६



कङ्गनाको सर्वाधिक फ्लप फिल्म 'तेजस'
● पृष्ठ ९



नागरिकमा सेवाप्रति भरोसा र विश्वास जगाउन सफल पण्डित
● पृष्ठ १०

# अभिमत

## सम्पादकीय

# मधेशमा अपराध

कात्तिक ७ गते एक १६ वर्षीय बालिकाको साथबाट धनुषाका प्रहरीले पेस्तोल फेला परेको थियो । भारतको लखिसरायका पप्पु सहनीका छोरी पुजा सहनीको साथबाट सो पेस्तोल फेला परेपछि मधेशमा अपराधले कस्तो रूप लिँदैछ भनि यो सानो उदाहारण मात्र हो । पुजा पेस्तोल बोकी भारतबाट रेल चढी जनकपुर आएकी थिइन् । रातभर उनी रेल्वे स्टेशनमै सुतिन् । प्रहरीलाई शंका लागेपछि जाँच गर्दा त्यो हतियार फेला परेको थियो । प्रहरीको प्रारम्भिक अनुसन्धानबाट ती बालिकाले जनकपुरमा रहेर व्यपारीहरूलाई धम्काउँदै रकम असुल गर्ने तयारीमा रहेको देखिएको छ ।

त्यस्तै, मोरङको धनपालथानको पैठाबाट कटुवा पेस्तोलसहित सर्लाही हरिपुर्वाका २७ वर्षीय रबिन्द्रकुमार यादवलाई कात्तिक ३ गते राती प्रहरीले पक्राउ गरेको थियो । पार्किङ गरी राखेको स्कारपियो गाडीलाई जाँच गर्ने क्रममा सो पेस्तोल फेला परेको थियो । असोज १३ गते सप्तरीको खडक नगरपालिका–११ बनौलीस्थित पोखरीमा बोराभित्र सडेको अवस्थामा १८ वर्षीय मोहम्मद अजिम मुद्दिनको शव फेला परेको थियो । एक बालिकासँग प्रेम थियो । सोही कारणले उसलाई मारेर फ्यालेको प्रहरीको प्रारम्भिक रिपोर्टले भनेको छ । मधेशमा हुने यस्ता अपराधिक घटनाका उदाहरणहरू हजारौं भेटिन्छन् । कतिपय बाहिर आउँछन्, कतिपय समाजमै दबाइन्छन् । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि अपराधिक घटनामा बृद्धि भएको देखिन्छन् । देशमा तीन तहको सरकार छन् । प्रहरी प्रशासन पनि संघीय संरचनामा गइसकेको छ । तर अपराध नियन्त्रणमा आइरहेको छैन ।

तीन तहको संचरना बनेसँगै अपराध, भ्रष्टाचार, अनियमितता पनि बढेका छन् । स्थानीय तह र प्रदेशको संरचना बनेपछि चहल पहल बढेको छ । विकास निर्माणको कार्य हुँदा त्यहाँ भ्रष्टाचार मात्र भएको छैन, अपराधको पनि जन्म भएको छ । सानो सानो विवादमा हतियार निकाल्ने, गोली चलाई दिने, मारेर फ्याल दिने जस्ता कुरा अहिले सामान्य भएका छन् । तराई मधेशमा हुने अपराधलाई कतै कतै कुनै नकुनै रूपमा राजनीतिक दलका नेताबाट संरक्षण प्राप्त भइरहेको हुन्छ । कतिपय अपराधमा राजनीतिक दलका नेताहरू प्रत्यक्ष रूपमै संलग्न भएको पनि पाइएको छ । जस्तो सुकै अपराध गरेपनि आफ्ना पक्षलाई संरक्षण दिइ अर्को पक्षलाई दबाउने प्रयास भइरहेका हुन्छन् । गाउँ समाजमा हुने ठूला ठूला अपराध लुकाउने र दबाउने काम सिर्फ राजनीतिक दलका नेताहरूबाट भइरहेका हुन्छन् । जबदेखि अपराधले नेताको साथ पाएको छ तबदेखि मधेशमा अपराधका नयाँ नयाँ तरिकाहरू देखिन थालेका छन् ।

गत वर्ष मधेश प्रदेशका आठ वटा जिल्लामा मात्र ६८ जनाको हत्या भएको प्रहरीको तथ्याङमा उल्लेख छ । पर्सामा ४, बारामा २, रौतहटमा ६, सर्लाहीमा ८, महोत्तरीमा ८, धुनषामा १५, सिरहामा १५ र सप्तरीमा १० जनाको हत्या भएको थियो । यो तथ्यांकमा वृद्धि नै भइरहेको छ । यो तथ्यांकको आधारमा मधेश प्रदेश सरकारसँग प्रतिकृया लिन खोज्दा उनीहरूको रडिमेट जवाफ नै हुन्छ, 'हामीसँग न शासन छ, न प्रहरी प्रशासन छ, हामीलाई त सिडियोले पनि टेर्दैनन्, हामीलाई सुरक्षाको कुनै अधिकार नै दिएका छैन ।' यी कुरा भन्दै पन्छिने गरेका हुन्छन् । हुनत प्रदेशहरूमा प्रदेश प्रहरी कार्यालयको स्थापना भएका छन् तर त्यसलाई प्रदेश सरकारमातहत राखिएको छैन । अर्थात प्रदेश सरकारले त्यसलाई चलाउन सक्दैन । हालसम्म प्रहरी समायोजनको काम नसकेको तथा प्रदेश प्रहरी ऐन कार्यान्वयनमा नआएको कारण त्यसको बाहाना बनाएर प्रदेश सरकार पन्छिरहेका छन् । ऐन तथा समायोजन पछि पछि हुँदै जाला, त्यसअघि जनताको शान्ति सुरक्षालाई प्राथमिकतामा राखेर प्रदेश सरकारले पनि काम गर्नुपर्ने हुन्छ । संघीय सरकारसँग समन्वय गरेर जनतालाई शान्ति सुरक्षाको अनुभुती गराउनु आवश्यक छ । तर प्रदेश सरकारका प्रतिनिधिहरूले त्यसका लागि पहल गरेको देखिदैन बरू अपराधमा संलग्नमध्ये आफ्नो पक्षलाई कसरी संरक्षण गर्ने, त्यसबाट अनावश्यक फाइदा कसरी लिन सकिन्छ त्यस्तो काममा बढी सक्रिय भएको पाइएको छ । त्यसले झन अपराधिकरण बढ्दै गएको छ । अपराधलाई नियन्त्रण गर्न प्रदेश सरकार सक्रिय हुनैपर्छ ।

## तथ्यांक आफै बोल्छ

| जिल्ला | स्थानीय तहको संख्या | | | | जम्मा स्थानीय तहको संख्या | जम्मा वडाको संख्या |
|---|---|---|---|---|---|---|
| | गा.पा. | न.पा. | उ.प.न.पा. | म.न.पा. | | |
| सप्तरी | ९ | ९ | ० | ० | १८ | १६४ |
| सिराहा | ९ | ८ | ० | ० | १७ | १६४ |
| धनुषा | ६ | ११ | १ | ० | १८ | १६९ |
| महोत्तरी | ५ | १० | ० | ० | १५ | १३८ |
| सर्लाही | ९ | ११ | ० | ० | २० | २०० |
| रौतहट | २ | १६ | ० | ० | १८ | १५७ |
| बारा | ९ | ५ | २ | ० | १६ | १६७ |
| पर्सा | १० | ३ | ० | १ | १४ | ११२ |
| प्रदेश नं. २ | ५९ | ७३ | ३ | १ | १३६ | १,२७१ |
| नेपाल | ४६० | २७६ | ११ | ६ | ७५३ | ६,७४३ |
| प्रदेश नं. २ का अंश (%) | १२.८ | २६.४ | २७.३ | १६.७ | १८.१ | १८.८ |

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### पुराना दलको दिन गए

'८४ को सन्त्रास' आर्टिकल पढे, त्यसको बारेमा मलाई पनि केही लेख्न मन लाग्यो । अब पुराना दलहरुको दिन गए भन्दा पनि हुन्छ । पुराना दलका नेताहरुले आफ्नो दिन गन्ती सुरु गरिसकेका छन् । जनता जहिले पनि विकल्पको खोजीमा हुन्छन् । अहिलेसम्म देशमा जति वटा शासन आए ती सबै जनताले नै ल्याए, चाहे त्यो पंचायत होस् वा बहुदल अथवा गणतन्त्र नै किन नहोस् सबै जनताको चाहना अनुसार नै भएका हुन् । तर त्यसका शासकले जनताको सर्भिस डेलिभरी राम्रो नदिएपछि त्यसको विकल्प तुरुन्तै खोजेको देखिन्छ । इतिहासका पन्नामा यी कुरा अझै सुरक्षित छन् । राणा फ्यालेर राजा यिनै जनताले ल्याएका हुन्, राजा फ्यालेर बहुदल शासन यिनै जनताले ल्याएका हुन् । बहुदल मन नपरेपछि गणतन्त्र ल्याउने यिनै जनता हुन् आज गणतन्त्र पनि मन पराउन छाडेका छन् । यसको पनि विकल्प खोज्न थालेका छन् । जसरी बहुदलमा काँग्रेस, एमालेको विकल्पमा माओवादीलाई राजेका थिए, अहिले त्यही काँग्रेस, एमाले, माओवादीको विकल्प खोज्न थालेका छन् ।

काँग्रेस, एमाले, माओवादीले पिछडिएका समुदायका लागि काम नगरेपछि मधेशमा जनविद्रोह भयो र त्यहीबाट फोरम, लोसपालगायतका दलहरुको जन्म भयो अहिले जनतालाई त्यही दल मन परिरहेको छैन । जनमत, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, विवेकशिल साझा पार्टी जस्ता दलतिर झुकाव राख्न थालेका छन् । त्यसको संकेत २०७९ को चुनावमा देखाइ सकेका छ्रय स्वतन्त्र पार्टी, विवेकशिल साझा पार्टी जस्ता दलतिर झुकाव राख्न थालेका छन् । त्यसको संकेत २०७९ को चुनावमा देखाइ सकेका छन् । त्यही संकेत थाह पाएर पुराना दलका नेताहरु आत्तिएका छन् । ८४ का दिन सुन्ने बित्तिकै उनीहरुको नीन्द गायब हुन थालेको छ ।

*बेचन साह, sah_janakpur2017@gmail.com*

### एक जना नेताका कारण पुरै माओवादीको नाम बदनाम

'माओवादीले यसरी लियो एक जना गरिबको ज्यान' भनि समाचार पढे । समाचार ठिकै हो जस्तो लाग्यो तर शीर्षकले राम्रो सन्देश गएको छैन । यो शीर्षकले त पुरै माओवादीले नै एक जना गरिबको ज्यान लिएको सन्देश जान्छ । माओवादी भनेको व्यक्ति होइन, एउटा वैचारिक संगठन हो । त्यसमा रहेका कुनै नेता अपराधी भएपछि पुरै पाटी अपराधी हुन्छ भने होइन । दोषी सुरेशचन्द्र दास यादव हुनुहुन्छ, तर त्यसमा पार्टीलाई मुछिएको छ । बरु माओवादीका एक नेताका कारण गयो गरिबको ज्यान लेख्दा पनि हुन्थ्यो वा अरु केही गर्दा पनि हुन्थ्यो तर यसले गलत सन्देश गएको छ । आशा सच्याई दिनुहुन्छ ।

*विजय गुप्ता, सिरहा गोलबजार-९*

### शिवराम यादवको हिम्मत !

शिवराम यादवको अन्तरवार्ता पढ्दा लाग्यो उहाँ माओवादीमा सन्तुष्ट हुनुहुन्न । माओवादीको क्रियाकलापबाट असन्तुष्ट हुनुहुन्छ । माओवादी अग्रगमनकारी शक्ति लिएर जन्मेको थियो । सबै जातजाती, समुदायका लागि लडेको थियो । सबै जातजातीलाई लड्न, बोल्न सिकायो तर जब माओवादी सत्ताधारी दल बन्यो अनि एउटै भाषा, एउटै भेषको संरक्षक बन्यो । यो कुरा शिवरामजी पनि स्विकार गर्नुभएको छ । खासगरि मधेशका लागि माओवादी हुँदै होइन जस्तो सन्देश दिएको छ । यदि मधेशका लागि भएको भए, मधेशमा माओवादीको यस्तो हालत हुने थिएन । माओवादीले मधेश र मधेशीलाई कहि पनि स्थान दिन चाहेको छैन भनि कुरा स्पष्ट भएको छ । मातृका यादव यति चलन चल्तीका नेता थिए तर अहिले उनी हराएका छन् । कुनै मधेशी नेता अगाडि बढ्न सकेको छैन । बरु मधेशमा नारायणकाजीहरु सक्रिय भएका छन् तर मधेशीहरुलाई पार्टीमा दवाइएर राखिएका छन् । धन्यवाद शिवरामजी तपाईले कम से कम बोल्ने आँट त गर्नुभयो ।

*सहदेव कुर्मी, नेपालगञ्ज*

### मधेशमा छिर्‍यो चीन

भारतले मधेशलाई बर्बाद गर्‍यो नै अब चीन पनि बर्बाद गर्न थालेको छ । भारतका कारण मधेशमा अपराध बढेका छन् । हत्या हिंसा बढेका छन् । तस्कारी बढेका छन् । बिहारी स्टाइलमा पोल्टिक्स भइरहेका छन् । बिहार सुध्रि सक्यो तर मधेश त्यही लालु स्टाइलको बिहार बनिसकेको छ । मधेशमा अहिले जे जेति भइरहेका छन् ती सबै भारतको प्रभाव हो । अहिले मधेशमा चीन पनि छिरिसकेको छ । चीनले त झन मधेशलाई बर्बाद बनाउँछ । मधेश जति कमजोर हुन्छ, भारतका लागि त्यति बार्गेनिङ गर्न सजिलो हुन्छ भन्दै त्यहाँ छिरिसकेको छ र आफ्ना विभिन्न गतिविधिहरु बढाई रहेको छ तर त्यसलाई रोक्ने कोही भएन ।

*मनोज यादव, सप्तरी, कदमाहा*

## फेसबुक



**डा.सुनिलरञ्जन सिंह**

सम्पुर्ण नेपालीहरु दशैको पर्वमा पुजा पाठ, रमाइलो, टीका जमरा थापी रहेको समयमा धनुषाको विनोद साहको श्रीमती, छोरा, छोरी राजधानीको माइतीघरमा १३२ दिनदेखि धर्नामा हुनुहुन्छ । कारण उहाँको भनाइ अनुसार छोरीको ससुरालीबाट बिहे पछि थप दाइजोको मागले गर्दा छोरीलाई यातना दिँदा दिदै श्रीमान लगायतले हत्या गरिदियो । सो ब्यहोराको जाहेरी दर्ता गराउन जाँदा आत्म हत्याको जाहेरी दिन दबाव दिइयो सो कुरा नमान्दा प्रहरीबाट कुटपिट लगायतको कार्य भएपछि छोरीको न्यायको लागि धर्नामा बस्दा प्रहरीबाट धरपकड कुटपिट लगायतका कार्य त भयो नै साथै धर्नामा बसेकै बेलामा केहि दिन पहिला राती ९ बजे तिर अज्ञात समुहबाट आक्रमण भयो । उहाँहरुको माग बास्तबमा हेर्दा दोषी प्रहरीलाई छानबिनको लागि न्याययिक समिति गठन गर्ने र दोषी प्रहरीलाई निलम्बनगर्ने रहेको छ । म आफू दाइजो प्रथामा बिधाबारिधी (PHD) गरेकोले उहाँको कुरा सुन्दा उहाँको कानुनी लडाइँमा म नि:शुल्क सेवा तथा बहस पैरवीको साथ दिने वचन दिएको छु र बचन अनुसार साथ दिनेछु ।



**विनय अजाद**

देशको अवस्था भयानक भइसक्यो । आर्थिक रूपले विपन्न अनि मध्यमवर्गलाई खानै लाउनै समस्या हुन थाल्यो । यस्तो अवस्थामा देशका धनीमनीहरूले उदारता देखाउनुपर्थ्यो । किनकि, सबै धनीमनीहरूको सम्पत्तिमाथि गरिबहरूको हक लाग्छ । तर, ती दलाल पुँजीपतीहरूले आर्थिकमन्दीको मौकामा गरिबहरूको सम्पत्ति कौडीको भाउमा कब्जा गर्दैछन् । यस्तै चलिरहने हो भने देशका ५०-१०० जना धनाढ्यहरूले अबको केही वर्षमा यो देशै कब्जा गरिसक्नेछन् । अति हुँदैछ । नागरिकले यी दलाल पुँजीवादीहरूको अन्याय अन्त्य गर्न सशक्त संर्घषको शंखनाद गर्न आवश्यक भइसक्यो । सरकरले यो गर्न सक्दैन । किनकि, सरकार चलाउनेहरू ती दलालहरूकै दानापानी खाएर बाँचेका छन् ।

# कोशी फँस्यो एमालेको पासोमा

कोशी प्रदेशको सरकार फेरि संकटमा परेको छ । एमालेको सहयोगमा कांग्रेसको विद्रोही समूह (शेखर समूह)ले कोशी प्रदेशको सरकार निर्माण गरेको थियो । त्यसलाई विस्तार गर्न मुख्यमन्त्री केदार कार्कीले सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी, नेकपा (एस), जसपालाई पनि सरकारमा ल्याउन कसरत गरिरहनु भएको छ । तर एमालेले त्यो मान्न तयार छैन । कोशी प्रदेश सरकार केन्द्रमा जस्तो सत्ता गठबन्धन मोडेलमा बन्नु हुँदैन एमाले र कांग्रेसले मात्र सरकार सञ्चालन गर्नुपर्छ भनि एमालेको भनाई छ ।

यदि यो सरकारमा कांग्रेसबाहेक अरु कुनै दल सहभागी भए आफूहरु सरकार छाड्ने चेतावनी एमालेका नेताहरुले दिइरहनु भएको छ । त्यति मात्र होइन, मुख्यमन्त्री केदार कार्कीले सरकार विस्तारमा ढिलाइ गरेको र आफूहरुको अनुकूल नचलेको गुनासो एमालेले गरेको छ । केन्द्रमा रहेको गठबन्धनको आधारमा कोशी प्रदेश सञ्चालन गर्ने प्रयास गरिरहनु भएको छ, यदि त्यस्तो भयो भने त्यहाँ एकछिन पनि बस्न सकिदैन भनि एमालेका नेताहरुले पटक पटक चेतावनी दिँदै आउनु भएको छ ।

एमाले संसदीय दलका नेता तथा पूर्व मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सहारा टाइम्ससँग भन्नुभयो, 'माथिको गठबन्धनको कपी हुँदैन, यहाँ एमाले र कांग्रेसबाहेक अरु दललाई सरकारमा कुनै पनि हालतमा सहभागी गराइदैन ।' कांग्रेसमा पनि जसले सरकार बनाउनमा सहयोग गरे त्यसलाई मात्र सहभागी गराउने उहाँको भनाई छ । मुख्यमन्त्री केदार कार्कीले सरकार विस्तारमा जानी जानी ढिलाई गरेको गुनासो गर्दै उहाँले दशैंपछि सरकार विस्तार गर्ने भन्नुभएको थियो तर हालसम्म त्यस्तो कुनै छलफल वा भेटघाट पनि नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'गठबन्धनकै सरकार बनाउनु थियो भने विद्रोह गरेर उहाँहरु किन आउनुभयो, सरकार बनाउने बेलामा त ठूला ठूला कुरा गर्नुभएको थियो तर अहिले यो पनि चाहिन्छ त्यो पनि चाहिन्छ भन्नुहुन्छ ।' पार्टीमा विद्रोह पनि गर्ने र अहिले त्यसलाई चलाउन पनि नसक्नेले सुरुमा विद्रोह नै गर्नु हुँदैन्थ्यो, विद्रोह गरेर आएपछि त्यो अनुसार चल्नेपर्ने उहाँको भनाई छ ।

अरु जे कुरा भए पनि एमालेको रणनीति कोशी प्रदेश सरकार होइन, केन्द्रको सत्ता गठबन्धन भत्काउनु हो । गठबन्धन दललाई विभाजन गर्नु हो । गठबन्धनलाई भत्काउन सके वा त्यसमा विद्रोह ल्याउन सके केन्द्रीय राजनीतिमा हावी हुन सकिने भनेर केन्द्रदेखि प्रदेशसम्म विभिन्न चाल एमालेले चालिरहेको छ । कोशी प्रदेशमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीलाई एमालेले गठबन्धनबाट लगभग अलग नै गरिसकेको छ । जसपाले कोशी प्रदेश सरकारमा सहभागी नहुने निर्णय गरिसकेको छ । जब कि गठबन्धनका अन्य दलहरु सरकारमा जाने विषयमा चाँजोपाँजो मिलाई रहेका छन् । तर कोशी प्रदेश सरकार गठनमा सत्ता गठबन्धनले कुनै सहकार्य नगरेको भन्दै जसपाले त्यो सरकारमा सहभागी नहुने निर्णय नै गरिसकेको छ अर्थात गठबन्धनभित्र जसपाले एक प्रकारको विद्रोह नै गरेको टिप्पणीहरु भइरहेका छन् ।

एमालेले कांग्रेसमा विद्रोह गराउन सफल भएको छ । कांग्रेसमा विद्रोह गरेको शेखर कोइराला समूह अझै एमालेका शीर्ष नेताहरुको सम्पर्कमा छ । शेखर समूहले माओवादी गठबन्धन भत्काउन कसरत गरिरहेको छ । माओवादीलाई छाडेर एमालेको साथमा सरकार बनाउनुपर्छ भनि शेखर कोइरालाले पटक पटक कांग्रेसका सभापति शेरबहादुर देउवालाई भन्नुभएको

बाँकी पृष्ठ १२ मा

# योगराजलाई तोड्ने, रामशंकरलाई पोस्ने !

सर्वोच्च अदालतले राष्ट्रपतिबाट आममाफी पाएका बाँकेका योगराज ढकाल (रिगल)लाई तत्काल पक्राउ गर्न आदेश दिएको छ । कात्तिक १६ गते कायममुकायम प्रधानन्यायाधीश ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र कुमार चुडालकोइजलासले योगराजको कैद मिनाहा गर्ने निर्णयलाई बदर गर्ने परमादेश दिएसँगै उहाँलाई नेपालगञ्जबाट पक्राउ गरेको हो ।

चेतन मानन्धरको हत्या अभियोगमा जेल सजाय काटिरहेका योगराजले सरकारबाट बाँकी कैद माफी पाउनु भएको थियो । उहाँलाई मन्त्रीपरिषद्ले सिफारिस गरेको आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधान दिवसको बाँकी सजाय माफ गरेर रिहा गर्नुभएको थियो । तर सर्वोच्च अदालतले उहाँको माफी बदर गरी पुन पक्राउ गर्न आदेश दिएको छ । सर्वोच्च अदालतको आदेशका आधारमा योगराज पक्राउ परेपछि राष्ट्रपति पौडेल र प्रधानमन्त्री प्रचण्डको राजिनामा कुरा उठेको छ । खासगरि विपक्षी दलले यो कुरालाई विशेष रुपमा उठाएको छ ।

कांग्रेस र माओवादी केन्द्रका कतिपय नेताले पनि यो निर्णयलाई स्वागत गर्नुभएको छ । तर एमालेले राष्ट्रपति पौडेल र प्रधानमन्त्री प्रचण्डले नैतिकताका आधारमा राजिनामा दिनुपर्ने भन्न थालेका छन् । राष्ट्रपति पौडेलको राजिनामाको कुरा उठ्न थालेपछि कांग्रेसका केही नेताहरुले सिरहा क्षेत्र नम्बर १ बाट चुनाव जितेका रामशंकर यादवको कुरा पनि उठाउन थालेका छन् । प्रतिनिधि सभा सदस्य रहनु भएका रामशंकरमाथि पनि हत्याको आरोप थियो । उहाँ सो आरोपमा जेल पर्नुभएको थियो तर तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले संविधान दिवसको अवसरमा उहाँलाई आममाफी दिनुभएको थियो । आममाफी पाउनु भएका योगराज पुनः पक्राउ पर्ने र रामशंकर माफी पाइरहने किन भनि प्रश्न उठेको छ ।

प्रहरीको हत्या अभियोगमा अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका एमालेले रामशंकरलाई २०७९ को चुनावमा उम्मेदवार बनाएको थियो र उहाँले जसपाको सहयोगमा चुनाव पनि जित्नु भएको थियो । तर के हत्या गरेको एक जना मान्छे आमामाफी पाएर पनि पुनः पक्राउ पर्ने र अर्को मान्छे खुमखुल्ला घुमिरहने भनि कांग्रेसका नेताहरुले प्रश्न गर्न थालेका छन् । प्रहरी जवानको हत्या गरेको भन्दै सिरहा जिल्ला अदालतले रामशंकरमाथि २०६१ सालमा सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको थियो । अदालतले सजायको आदेश सुनाएपछि फरार रहेका उहाँलाई प्रहरीले २०६९ सालमा पक्राउ गरेर अदालतमा बुझाएको थियो ।

बाँकी पृष्ठ १२ मा

# उपेन्द्र र रवीको एउटै बोली

हिउँदे अधिवेशन अन्त्य हुन लाग्दा बसेको प्रतिनिधि सभाको बैठकमा अधिकाँश नेताले संघीयता र गणतन्त्रमाथि खतरा औल्याउनु भएको थियो । त्यो खतरा कोही अरबाट होइन, सत्ताधारी दल तथा पुराना पार्टीबाट नै रहेको नेताहरुले दावी गर्नुभयो । २०७९ को चुनावपछि केही वैकल्पिक अर्थात नयाँ शक्तिहरु संसदमा आएपछि ठूला दलका नेताहरुले गणतन्त्र र संघीयता खतरामा रहेको भन्न थाल्नु भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीको कार्यशैली तथा क्रियाकलापका कारण गणतन्त्र नै खतरामा परेको अभिव्यक्ति धेरै ठाउँबाट सुनिएको थियो । पछिल्लो समय राजावादी तथा हिन्दुवादीहरुको बढ्दो सक्रियता र जनताको असन्तुष्टिमा खेल्ने नयाँ पार्टीहरुका कारण गणतन्त्रमाथि खतरा उत्पन्न भएको पुराना अर्थात तीन ठूला दलले पटक पटक आरोप लगाएका थिए ।

तर पछिल्लो संसद बैठक त्यो कुरा ठिक उल्टो देखियो । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, जनमत पार्टीका अध्यक्ष सिके राउतले संघीय लोकतान्त्रिक गणतन्त्रमाथि पुराना दलबाट नै खतरा रहेको अभिव्यक्ति दिनु भएको थियो । कांग्रेस, एमाले र माओवादी केन्द्रका गतिविधिले राजनीतिक व्यवस्था खतरामा परेको आरोप उहाँहरुले लगाउनु भएको थियो ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले पुराना दलकै कारण गणतन्त्र खतरामा परेको बताउनुभयो । अरु सांसदहरु संघीयता खतरामा रहेको भन्ने गरेका छन् तर आफूले त यतैबाट संघीयता खारेज हुने हो कि भनि चिन्ता बढ्न थालेको उहाँले बताउनुभयो । आठ वर्ष भयो संविधान निर्माण भएको तर हालसम्म संघीय कानुन नबनेको गुनासो गरे । अध्यक्ष यादवले भन्नुभयो, 'संविधानको महिमा गाउने मित्रलाई मैले के स्मरण गराउन चाहन्छु भने संविधान जारी भएको दिन चार जना मधेशी युवाको ज्यान गएको थियो, देशको ठूलो जनसंख्याले संविधानको अनरसीप नलिने भएकाले महिमा गानले संविधान कति दिन टिक्ला र ?

अध्यक्ष लामिछानेले व्यवस्था नै खतरामा पऱ्यो भनेर सुनिएको छ, ठूला दलकै कारण व्यवस्थामा खतरा आउने त होइन भनि प्रश्न गर्नुभएको थियो । आफूले यी पुरानै दलबाट नै संघीयता र गणतन्त्रमाथि खतरा देखेको बताउँदै उहाँले यी दलहरुको क्रियाकलापका कारण देश बर्बाद भएको धारणा राख्नुभएको थियो ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले शीर्ष तहका नेताहरुले विदेशी इन्स्योरेन्सको पैसा आउँछ भनेर देशलाई डुबाइरहेको उल्लेख गर्नुभयो । देशमा जनताका लागि लोकतन्त्र नभएको बताउँदै उहाँले तीन ठूला दलका नेताहरुको कारण जनता निराश भएको बताउनुभयो । अँध्यारो कोठामा तीन जना नेताले गरेको निर्णयलाई सार्वभौम सत्ता सम्पन्न भन्न नसकिने बताउँदै उहाँले नयाँ दललाई सकाउने तीन दलका नेताहरुको अभिव्यक्ति अरु केही होइन, लचारीपन रहेको धारणा राख्नुभएको थियो । अध्यक्ष राउतले संसद् यसरी नै चलिरहे व्यवस्थामाथि प्रश्न गर्ने पर्याप्त आधार बन्दै गएको पनि दोहऱ्याउनुभयो ।

## फरकमत

# डाक्टर साहबको उल्टो बाटो



भोला यादव

कात्तिक १३ गते बाराको कलैयामा भएको गोली प्रहारबाट एकता इङ्गलिस बोर्डिङ स्कूलका प्रधानाध्यापक एवं सञ्चालक रुपेश सर्राफको मृत्यु भयो । त्यसको विरोधमा जनमत पार्टीका नेता तथा कार्यकर्ताले बारामा जुलुस निकालेर प्रदर्शन गरे । दोषीलाई कारवाही हुनुपर्छ भनि माग राखे । जनमत पार्टीको यो आजको बानी होइन, सुरुदेखि यस्तै गर्दै आएको हो । कुनै कुरामा आफूलाई फ्रन्टमा देखाउनु जनमत पार्टीका अध्यक्ष डा.सिके राउतको मात्र होइन, उहाँका पार्टीका कार्यकर्ता तथा नेतामा पनि त्यो आदत देखिन्छन् । राजनीतिमा प्रतिस्पर्धा हुनुपर्छ विकास निर्माण र समृद्धिका लागि न कि आन्दोलनका लागि ।

यो हत्या प्रकरणमा मात्र होइन, तराई मधेशमा हुने हरेक इसुमा जनमत पार्टीका कार्यकर्ताले नारा, जुलुस तथा प्रदर्शन गरेकै हुन्छन्, चाहे त्यो भ्रष्टाचारको विषय होस् या चाहे त्यो किसानले मल नपाएको विषय होस् वा किसानले भुक्तानी नपाएको विषय होस् वा नागरिकताको विषय किन नहोस् । हरेक कुरामा अगाडि नै हाम फाल्छन् जनमत पार्टीका नेता तथा कार्यकर्ताहरु । तर आजसम्मको रेकर्ड छैनन् कि जनमत पार्टीले कुनै आन्दोलन वा संघर्षमा सफलता प्राप्त गरेको होस् । जनमत पार्टीको जन्म नै आन्दोलनबाट भएको हो तर आजसम्म कुनै आन्दोलन सफल भएको छैन । जनमत पार्टीका अध्यक्ष डा.सिके राउत मधेश राजनीतिमा प्रवेश नै आन्दोलनबाट गर्नुभएको हो । नेपालबाट मधेशलाई अलग गरि छुट्टै देश बनाउने पृथकतावादी आन्दोलनबाट राजनीतिमा उहाँको प्रवेश भएको हो । मधेशलाई छुट्टै देश बनाउनका लागि सुरु गरिएको शान्तिपूर्ण आन्दोलनमा थरीथरीका गतिविधि गरिरहनु भयो । ती सबै कुरा यहाँ यो छोटो लेखमा समावेश गर्ने सम्भव छैन । डाक्टर साहब उल्टो बाटो हिड्नुभयो । तपाई सबैबाट कुनै कुरा लुकेका छैनन् । नेपालमा जति पनि आन्दोलन भएका छन् ती सबै सफल भएका छन् ।

आफ्नो आन्दोलनबाट कुनै पनि दल पछाडि हटेका छैनन् । संघर्ष गरेर त्यसलाई कुनै कुनै रुपमा सफल पारेकै छन् । २००७ सालदेखि हालसम्म राजनीतिक दलले जुनसुकै आन्दोलन गर्दा त्यसलाई एउटा बिन्दुमा पुऱ्याएर छाडेका छन् । चाहे झापा आन्दोलन होस्, माओवादी आन्दोलन होस् या मधेश आन्दोलन होस्, थरुहट, आदिवासी जनजातिलगायतको आन्दोलन किन नहोस् एउटा बिन्दुमा गएर टुग्यांएका छन् । अरु दलहरु तलबाट माथि चढेका छन् तर जनमत पार्टी माथिबाट तल गरेको छ ।

नभए जनमत पार्टीबालाहरुले भन्दियोस् उनीहरुले कुन आन्दोलन सफल पारेका छन् वा कुनै बिन्दुमा गएर छाडेका छन् । छैन, त्यस्तो कुनै पनि आन्दोलन छैन । जनमत पार्टीका नेताहरुले कुनै इसु आउँदा त्यसको लागि अरु कुनै दल वा समूहले आन्दोलन नगरोस् भनेर आन्दोलनलाई आँधीको जस्तो उठाउँछन् तर केही समयपछि आफै विस्तारै सेलाउँदै जान्छन् । जनकपुरमा एउटा कर्मचारीलाई नाङ्गो बनाई, कालोमोसो दलेर भ्रष्टाचार विरुद्धको आन्दोलनको सुरुवात गरेको थियो । केही दिनसम्म त्यो आन्दोलनले निकै उचाई लियो तर के भ्रष्टाचार नियमन्त्रणमा १९ बाट २० भयो त ? भएन त्यो आन्दोलनले केही परिवर्तन भएन । सोही क्रममा जनमत पार्टीले किसान आन्दोलन सुरु गरेको थियो । सिरहाको औरही गाउँपालिमा गहुँको बिउ किसानले आफ्नो नियन्त्रणमा लिएका थिए ।

त्यसमा जनमतका केही कार्यकर्तालाई धडपकड गरेपछि सुरु भएको आन्दोलन मधेश भर भएको थियो । तर के किसानले मल पाए त, के किसानले बिउ पाए त, के किसानले सिँचाइको सुविधा पाए त ? जनमत पार्टीले उठाएको कुनै पनि माग पुरा भएन । त्यो आन्दोलन पनि त्यतिकै सेलाएको थियो । यसरी विभिन्न बहानामा जनमत पार्टीले आन्दोलनको निरन्तरता दियो तर कुनै सफल भएन । हो, तर एउटा कुरा सत्य छ कि त्यो आन्दोलनको फाइदा जनमत पार्टीले चुनावमा लियो । सानो पार्टी भए पनि चुनावमा राम्रै परिणाम ल्याउन सफल भयो । त्यो आन्दोलनकै देन थियो । तर जनताले के पाए त ? जसको लागि आन्दोलन गरयो, जेका लागि आन्दोलन गरयो तीमध्ये जनमत पार्टीले केही प्राप्त गर्न सकेन ।

बारामा एक जना शिक्षकको हत्या हुँदा जनमतले बारामा प्रदर्शन गरयो । त्यसले कसलाई फाइदा भयो ? के मधेशमा अपराध कम भयो त ? जनमत पार्टी केन्द्रदेखि प्रदेशसम्मको सरकारमा सहभागी छ । जनमत पार्टीका अध्यक्ष डा.सिके राउत पनि प्रतिनिधि सभाका सदस्य हुनुहुन्छ । उहाँका दाजु जयकान्त राउत योजना आयोगका सदस्य हुनुहुन्छ । अर्थात जनमत पार्टी राज्यको नीति निर्माण तहमा पुगि सकेको छ । देशमा देखिएको बेथितीलाई नीतिगत रुपमा सुधार गर्नुपर्छ । देशलाई नियम कानुनमा बाँध्नुपर्छ । तर डाक्टर साहब सक्नु भएको छैन । सरकारमा पनि रहने र सरकार विरुद्धको आन्दोलन पनि गर्ने ? यो दोहोरो भूमिकालाई अहिले जनताले रुचाउँदैन । जनताले अब कुनै पनि आन्दोलनलाई रुचाउँदैनन् । उसले खोजेको विकास र समृद्धि हो, उसले खोजेको गाँस, बास र कपास हो । जो दिनका लागि जनमत पार्टी चुकि रहेको छ ।

**लेख**



■ सन्दिपकुमार चौधरी

# नेपालका महिला र संवैधानिक अधिकार

**। देशका अधिकांश महिला आफ्नो मौलिक हक वा संवैधानिक अधिकार बारे अनभिज्ञ छन् । नेपालको संविधानले अधिकार पनि दिएको छ । संविधानले नेपाली महिलालाई के–कस्ता अधिकारहरू दियो ? ती पुग अपुग के छन् । त्यस उपर चर्चा हुनु आवश्यक छ**

महिला अधिकारको मुद्दा देशभर चर्को स्वरमा उठिरहेका छन् । देशका अधिकांश महिला आफ्नो मौलिक हक वा संवैधानिक अधिकार बारे अनभिज्ञ छन् । नेपालको संविधानले अधिकार पनि दिएको छ । संविधानले नेपाली महिलालाई के-कस्ता अधिकारहरू दियो ? ती पुग अपुग के छन् । त्यस उपर चर्चा हुनु आवश्यक छ ।

प्रत्येक नागरिकलाई समानता, लैङ्गिक भेद्भाव छैन समानता स्वतन्त्रता र न्यायको अधिकार पुरुष र महिला दुवैलाई समान रूपमा दिइएका छन् । शारीरिक र मानसिक रूपमा पुरुष र महिलाबिच हुने कुनै पनि भेद्भावलाई असंवैधानिक मानिन्छ । धारा-१६, १७, १८ ले स्वतन्त्रता समानता/सम्मानपूर्वक बाँच्न र न्यायका साथै महिला/केटीको संरक्षण र संरक्षणको काम पनि सरकारको कर्तव्य हो भनि आवश्यकता महसुस भएमा महिला र पुरुषलाई वर्गीकरण गर्न सकिनेछ ।

जस्तैः मधेश प्रदेशमा बालिकाका लागि साइकल र त्यसको पालन पोषण योजना मधेश प्रदेश तथा अन्य प्रदेशमा पनि बालिकाका लागि बेटी बचाउ बेटी पढाउ योजना सार्वजनिक गरेका छन् । यतायातमा महिलाको लागि आरक्षित सीटको प्रावधान आदि तथा नेपालको संविधान अनुसार धारा ३८ मा महिला हक भनि मौलिक हकको व्यवस्था गरेको छ । साथै भाग २७ को धारा २५२ मा महिला आयोगको व्यवस्था पनि गरेको छ ।

स्वतन्त्रता र समानताको हक धारा १९ ले महिलालाई देशको जुनसुकै भागमा नागरिकको रूपमा स्वतन्त्र रूपमा आउन र काम गर्न पाउने अधिकार दिएको छ । उनीहरूले पनि स्वतन्त्र रूपमा पेशा छनोट गर्न सक्छन् । नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले महिलालाई जीवनको अधिकार, यातना र क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट स्वतन्त्रताको अधिकार र व्यक्तिको सुरक्षाको अधिकारको ग्यारेन्टी गर्दछ । सन्धीले महिलाको मानव अधिकार उल्लघंन भएमा कानुनी उपचार पाउने अधिकारलाई पनि उल्लेख गरेको छ ।

महिला विरुद्धको भेद्भाव उन्मुलन सम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि (CEDAW) महिला अधिकार सम्बन्धी सबैभन्दा व्यापक सन्धि हो । यसले महिलाविरुद्ध हुने कुनै पनि प्रकारको भेदभावको निन्दा गर्दछ र महिला र पुरुषको समान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक अधिकारको ग्यारेन्टी गर्ने महत्वलाई पुनः पुष्टि गर्दछ ।

महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (अपनाइएको १८ डिसेम्बर १९७९, लागु ३ सेप्टेम्बर १९८१), १२४९ UNTS CEDAW ले महिलाको वैवाहिक स्थितिलाई ध्यानमा राखी समान राजनीतिक, आर्थिक,सामाजिक, सांस्कृतिक र नागरिक अधिकारहरू हुनुपर्छ र राज्यहरूलाई भेदभाव निषेध गर्ने राष्ट्रिय कानून बनाउन आवश्यक छ (धारा १, २ र ३) । यसले राज्यलाई पुरुष र महिलाबिचको व्यवहारमा समानताको उपलब्धिलाई गति दिन अस्थायी विशेष उपायहरू लिन र भेदभाव कायम राख्ने सामाजिक र सांस्कृतिक ढाँचाहरू परिमार्जन गर्न कार्यहरू गर्न अनुमति दिन्छ (धारा ५) । राज्य पक्ष सहमत छन् कि अनुबन्ध र अन्य निजी उपकरण जसले महिलाको कानुनी क्षमतालाई प्रतिबन्धित गर्दछ (धारा १५) । महासन्धिले शिक्षामा समान पहुँचको आवश्यकतालाई पनि सम्बोधन गर्दछ (धारा १०) ।

महिलाले अन्य व्यक्ति जस्तैः समान मानव अधिकार र मौलिक स्वतन्त्रता उपभोग गर्ने हकदार छन् । अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिले महिलाको मानव अधिकारलाई कानुनद्वारा सम्मान गरिएको सुनिश्चित गर्न र महिला अधिकारलाई नकारात्मक रूपमा असर गर्ने भेदभाव, असमानता र अभ्यासलाई हटाउनका लागि राज्यपक्षले सक्रिय कदम चाल्न आवश्यक छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तरर्गत, महिलाले विशेष अतिरिक्त अधिकार जस्तैः प्रजनन स्वास्थ्य सेवा सम्बन्धी अधिकार पनि पाउन सक्छन् ।

विशेष गरी कमजोर समूहको रूपमा, संयुक्त राष्ट्र र क्षेत्रीय मानव अधिकार प्रणालीमा महिलाको विशेष हैसियत र संरक्षण छ । अन्तर ाष्ट्रिय मानव अधिकार सन्धिले लैङ्गिक आधारमा भेदभावलाई निषेध गर्दछ र राज्यलाई सबै क्षेत्रमा महिला अधिकारको संरक्षण र प्राप्ति सुनिश्चित गर्न आवश्यक छ-सम्पत्ति स्वामित्व र हिंसाबाट स्वतन्त्रता, शिक्षामा समान पहुँच र सरकारमा सहभागिता ।

आज नेपालको विकास र उन्नतिमा महिलाको योगदान अतुलनीय छ । नेपाली नारीवाद र शिक्षाकी दानवीर औतार देवी चौधराइन, महाराजा कुर्मी जस्तैः महिलाले इतिहासमा पनि छुट्टै भूमिका खेलेका छन् । जसले बालिकाका लागि देशकै पहिलो विद्यालय खोल्ने र कञ्चनपुरदेखि विरगञ्जसम्म देशभर ८४ वटा विद्यालय स्थापना गर्ने औतार देवी चौधराइन हुन्, द्वारिका देवी ठकुरानी (देशको प्रथम महिला मन्त्री) महिला अधिकार क्रान्तिको बिगुल फुकेकी महिला मन्त्री हुन् । मंगला देवी सिंह (लौह पुरुष गणेश मान सिंहकी धर्मपत्नी) महिला अधिकारको वकालत गर्ने र समाज सुधारकका रुपमा महिलाको मुक्तिको लागि काम गरेकी थिइन् ।

महिलाको स्थितिमा आएको सुधारले देशमा आर्थिक र सामाजिक सुधारको अर्थ पनि परिवर्तन गरेको छ । अन्य विकासशील देशको तुलनामा हाम्रो देशमा महिलाको अवस्था निकै राम्रा छन् । महिलाको अवस्था पूरै परिवर्तन भएको भन्न नसके पनि विगतको तुलनामा यस क्षेत्रमा धेरै प्रगति भएको छ । आजको प्रतिस्पर्धात्मक युगमा महिला आफ्नो अधिकारप्रति पहिले भन्दा धेरै सचेत छन् । महिला अहिले आफ्नो व्यावसायिक जीवन (सामाजिक, राजनीतिक, आर्थिक) प्रति धेरै सचेत छन् । जसले गर्दा उनीहरूले आफ्नो परिवार र दैनिक दिनचर्यासँग सम्बन्धित खर्च सजिलै पाल्न सक्छन् ।

अहिले नेपाल सरकारबाट महिला उत्थानका लागि धेरै कार्यक्रम र योजनाहरु सञ्चालन भइरहेका छन् । तर ती योजनाको कार्यान्वयन तल्लो तहसम्म पुग्न सकेको छैन । महिलाले अपेक्षित लाभ पाउन सकेका छैनन् । अहिले महिलाको स्थितिमा निकै परिवर्तन आएको सत्य हो तर अझै पनि उनी धेरै ठाउँमा पुरुषप्रधान मानसिकताबाट पीडित छन् । नेपालका महिला अहिले शिक्षा, रक्षा, खेलकुद, राजनीति, मिडिया, कला र संस्कृति, विज्ञान र प्रविधि आदि हरेक क्षेत्रमा पूर्ण रुपमा सहभागी छन् । पुरुषप्रधान समाज, वर्ग र धर्मले नेपाली महिलामाथि गरेको उत्पीडनले विकास गर्न निकै कठिन थियो तर अब यो मौनता तोड्ने समय हो ।

महिलालाई सम्मान गर्ने अधिकार छ । हरेक आमाबाबुले आफ्नो छोरालाई नारीको सम्मान गर्न र सम्मानपूर्वक व्यवहार गर्न सिकाउनु भयो भने छोरीको सुरक्षाको लागि डराउने दिन आउँदैन । यो एक वास्तविक र समग्र शिक्षा हो । अवश्य पनि, हामीले हाम्रो मानसिकता र शताब्दीयौंदेखि नेपाली मानसिकतालाई समातेको पितृ सत्तात्मक विचार परिवर्तन गर्न आवश्यक छ । नेपालको कानुनले महिलालाई राम्रोसँग संरक्षण गरेको छ । कार्यान्वयन तथा नियमन पक्ष कमजोर भएकाले जो जहाँ छौं र जति सक्छौं खबरदारी गर्नै पर्छ । प्रत्येक नेपाली महिलाले महिलाका यी सामान्य तर आधारभूत अधिकारहरू जान्नै पर्छ ।

कानुन जान्नेलाई हतियार चाहिँदैन । कानुन उसको हतियार हो जसले कानुन जान्दछन् । उसलाई सबैभन्दा शक्तिशाली व्यक्ति बनाउँछन् । तपाईंको अधिकारको जागरूकताले तपाईंलाई स्मार्टर निष्पक्ष बनाउँछ । यदि तपाईं आफ्नो अधिकारको बारेमा सचेत हुनुहुन्छ भने, तपाईंघर, कार्यस्थल वा समाजमा कुनै पनि अन्यायको बिरूद्ध लड्न सक्नुहुन्छ ।

*(लेखक सन्दिपकुमार चौधरी कानुनको विद्यार्थी एवं लोकतान्त्रिक विद्यार्थी संघ कविलवस्तुका अध्यक्ष हुनुहुन्छ)*



■ परशुराम साह

## सूचना भित्र सूचनाको खोजी

# के व्यवस्थापन समिति गठन नहुनुमा बालबालिका दोषी हुन् ?

सिरहा जिल्लाको सिरहा नगरपालिकाले कार्तिक १२ गते एकैपटक तीनवटा सूचना जारी गर्यो । पहिलो कार्तिक २४ गतेभित्र विद्यालयहरुलाई व्यवस्थापन समिति गठन गर्न दोस्रो, २३ गतेभित्र दिवा खाजाका लागी प्रस्तावना पेस गर्न र तेस्रो, नगरपालिकाभित्र सञ्चालित सामुदायिक सिकाई केन्द्रहरुलाई आर्थिक वर्ष २०८०/०८१ को नविकरणका लागी कागजात पेस गर्न ।

प्रकाशित सूचनाले दिवा खाजा सञ्चालनका लागी परियोजना प्रस्ताव पेस गर्न दिएको समयसीमा एक दिन थप गरी विद्यालय ब्यवस्थापन समिति गठनका लागी समयसीमा दिइएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ सामुदायिक विद्यालयको दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ र विद्यालय दिवा खाजा व्यवस्थापन पुस्तिका, २०७६ लाई समेत आधार मान्न दिएको निर्देशनले विद्यालयमा व्यवस्थापन समिति नरहेको विद्यालयमा दिवाखाजा सञ्चालन नहुने संकेतको सुनिश्चितता गरेको छ र यो कानूनको अक्षरशः पालना गराउने उद्घोष पनि हो ।

यो एक किसिमले ठिक पनि हो किनकि कानूनी प्रावधानको पालना गर्नु र गराउनु स्थानीय तहको दायित्व र कर्तव्य पनि हो । दिवा खाजा सञ्चालनका लागी विद्यालय व्यवस्थापन समितिको अनिवार्यता बुझेका स्थानीय तहले विद्यालयको वार्षिक बजेट स्वीकृत गर्न, विद्यालयको चल अचल सम्पतिको सुरक्षा गर्न, साधन स्रोतको परिचालन गर्न, स्वच्छ शैक्षिक वातावरण कायम गर्न, विद्यालयको वार्षिक लेखापरीक्षण गराउन, शिक्षाको गुणस्तर कायम गर्न, कार्यक्रमका लागी परियोजना प्रस्ताव पेस गर्न, विकासको काम गर्न जस्ता महत्वपूर्ण कार्यका लागी विद्यालय व्यवस्थापन समिति अनिवार्य चाहिन्छ भन्ने कुरो किन बुझ्न सकेका छैनन ? ती सूचनाले यी प्रश्नहरुको जन्म पनि दिएका छन् । जुन प्रश्न जवाफको पर्खाइमा छन् ।

विद्यालय व्यवस्थापन समितिको गठन कानुनले निर्देश गरेको समयभित्र गर्न समयमै स्थानीय तहले परिपत्र किन गर्दैन ? विद्यालय व्यवस्थापन समिति गठनमा प्रधानाध्यापकलाई जिम्मेवार किन बनाउदैन ? विद्यालयलाई राजनितिको दुश्चक्रबाट जोगाउन स्थानीय तह विद्यालयको सुरक्षा कवचको रुपमा आफूलाई किन उभ्याउन सकेको छैन ? समिति गठन न हुँदा विद्यालयलाई हुने क्षतिमा स्थानीय तह गम्भिर किन हुन सकेको छैन ? यी र यस्ता थुप्रै प्रश्नहरु जवाफको पर्खाईमा आम जनता रहेका छन् ।

विद्यालय व्यवस्थापन समितिको अभावमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, भौतिक संरचना निर्माण जस्ता महत्वपूर्ण काममा विद्यालयको पहुँच नहुँदा पनि कुनै मतलब नराख्ने स्थानीय तहले व्यवस्थापन समिति नभएका विद्यालयको बालबालिकालाई दिवा खाजाबाट बञ्चित गर्नु न्यायसङगत कुरो हो ? आ-आफ्नो जिम्मेवारीबाट पन्छिने अनि दोष जति अरुमाथी थुपार्ने परम्परागत चलनको अन्त्य कहिले हुन्छ ? यही अवस्थामा रुपान्तरण ल्याउन ब्यवस्था परिवर्तन भएको होइन ? माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहको काँधमा थपिनुको उद्देश्य अवस्थामा परिवर्तन ल्याउनु होइन ? त्यसो भए अवस्था परिवर्तन खाली व्यवस्था बदलेर हुन्छ कि नीतिगत र कानूनी प्रावधान लागु गराएर ? यसमा स्थानीय सरकारको ध्यानाकर्षण हुन जरुरी छ ।

विद्यालयमा व्यवस्थापन समिति गठन नहुनुमा बालबालिका दोषी हुन् ? होइन भने सजायको भागीदार बालबालिकालाई किन बनाइदैछन ? यो बालअधिकारको सिद्धान्त बिपरीत हो कि होइन ? विद्यालयको निरीक्षण, अनुगमन र अनुगमनमा देखिएका कमी कमजोरी निराकरणका लागी सुझाव वा निर्देशन दिनुपर्दा स्थानीय तहले व्यवस्थापन समितिमार्फत दिनुपर्ने हुन्छन् ।

शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत विद्यालय ब्यवस्थापन समितिको सिफारिसमा हुन्छन् । शिक्षकको अन्तरपालिका वा जिल्लान्तर सरुवा विद्यालय ब्यवस्थापन समितिको सहमति बेगर हुँदैन । तर त्यहाँ विद्यालय व्यवस्थापन समितिको खोजी हुदैन । दिवा खाजाबाहेक पालिकाबाट हुने अधिकांश काममा बिद्यालय ब्यवस्थापन समितिको आवश्यकता र गरीमाको ख्याल हुँदैन जुन शिक्षा सुधारको बाधक हो ।

**सूचनामा सिकाई तर छैन बुझाई**

सिरहा नगरपालिकाले सामुदायिक सिकाई केन्द्रहरुको नवीकरणका लागी सूचना जारी गरेका छन् । जारी सूचना अनुसार सिकाई केन्द्रहरुले नवीकरणका लागी लेखापरीक्षण प्रतिवेदन वार्षिक प्रतिवेदन कार्ययोजना बैंक खाता विवरण, परिचालिकाको हाजिरी, तलबी भरपाई, करकट्टीको प्रतिलिपी, सधारण सभाको निर्णय जस्ता कागजात पेस गर्नुपर्ने छन् । तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिएर सामुदायिक अध्ययन केन्द्रको नामबाट सञ्चालनमा आएका केन्द्रलाई तत्कालिन अवस्थाका केन्द्रलाई पालिकामा हस्तान्तरण गरेको हो ? वा पालिकाबाट अनुमति लिएर सामुदायिक सिकाई केन्द्रहरु स्थापना भएको हो ? तत्कालीन अवस्थामा नियुक्ति पाएका परिचालिका हालसम्म कार्यरत छन् कि फेरिएका छन ? फेरिएका

बाँकी पृष्ठ ११ मा

○ अन्तरवार्ता



# उपेन्द्र र गजेन्द्रको तुलना गर्न सकिदैन

■ गजेन्द्रप्रसाद सिंह

**बसाई सराईको प्रतिवेदन प्रकाशित भए पछि गठित नेपाल तराई विद्यार्थी भाषा एवं संस्कृति समिति त्रिभुवन विश्वविद्यालयको संस्थापक अध्यक्षका हैसियतले मधेशको समस्या लिएर मधेशी विद्यार्थीलाई गोलबन्द गर्न सफल हुनु भएका गजेन्द्रप्रसाद सिंह गजेन्द्रनारायण सिंह अध्यक्ष रहेको बेला तत्कालिन नेपाल सद्भावना पार्टीको संयुक्त महामन्त्री समेत बन्नु भएको थियो। उहाँले पार्टी कार्यालय सचिवको रुपमा पनि काम गर्नुभयो, साथै त्रिवि प्रशासनका उहाँ कार्मचारी पनि हुनुहुन्थ्यो। कर्मचारी भएपनि उहाँ पूर्णकालिन कार्यकर्ता जस्तै राजनीतिमा सक्रिय हुनुहुन्थ्यो, तर उहाँले चुनाव र सत्ताको राजनीति कहिले मन पराउनु भएन। मधेशको तत्कालिन  समस्यालाई लिएर तत्कालिन राष्ट्रिय पञ्चायत तथा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनु भएको थियो। पछि नेपाल सद्भावना पार्टी टुटफुट हुन थालेपछि मधेश राजनीतिबाट विरक्त हुनुभएका गजेन्द्र सिंह कर्मचारीबाट अवकाश प्राप्त गरेपनि कही कुनै दलमा सहभागी हुनु भएन। समाजका लागि केही गर्ने सोच बनाउनु भएका गजेन्द्र सिंहसँग सहारा टाइम्सका लागि गरिएको कुराकानीको सम्पादीत अंश**

**तपाई लामो समय मधेश राजनीतिमा काम गर्नुभयो, त्यो बेलाको र अहिलेको मधेश राजनीतिमा के अन्तर पाउनु भएको छ ?**

म राजनीतिमा भन्दा पनि आन्दोलनमा होमिएका व्यक्ति हुँ। आफ्नो सरकारी जागिरलाई दाउमा राखेर त्यति बेलाका आन्दोलनमा सक्रिय थिए। त्रिभुवन विश्व विद्यालयका मधेशी विद्यार्थीहरुलाई भेला गरी साथमा लिएर काठमाडौंमा आन्दोलनलाई उचाईमा पुर्‍याएका थिए। काठमाडौंमा मधेशको बारेमा बोल्ने र केही गर्ने मधेशी विद्यार्थी मात्र थिए। स्वर्गीय गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना परिषद् गठन गर्नुभएको थियो। मधेशको अधिकार र पहिचानका लागि गजेन्द्रनारायण सिंहले परिषद् गठन गर्दा त्यसबाट हामी पनि प्रभावित भएका थियौं। त्यसपछि हामी पनि त्रिविमा तराई विद्यार्थी भाषा एवं संस्कृति समिति गठन गरेका थियौं। त्यसबाट गतिविधि गरिरहेका थियौं। गजेन्द्रनारायण सिंहको परिषद् पार्टीमा परिणत भएपछि म पनि त्यसलाई सहयोग गर्न थाले। गजेन्द्रनारायण सिंहप्रति हाम्रो सहानुभूती थियो। तर मधेशी नेताको स्वार्थका कारण सो पार्टी छिन्नभिन्न हुन थाल्यो। नेपाल सद्भावना पार्टीप्रति निकै आशा भरोसा थियो। नेताहरुको रवैयाको कारण ती सबै चकनाचुर भयो।

मधेशी जनताले मधेशवादी दललाई भरपुर सहयोग गरेका थिए चाहे त्यो गजेन्द्रनारायण सिंह होस् या उपेन्द्र यादव, महन्थ ठाकुर किन नहोस् मधेशी जनताले खुलेर सहयोग गरेका हुन् तर त्यसलाई ती नेताहरुले नै बचाउन सक्नुभएन। ती नेताहरु मधेशी जनताको मुल काज छाडेर सत्ता स्वार्थमा रमाउन थाल्नुभयो। सत्ता स्वार्थकै कारण मधेश कमजोर भयो र कुनै माग पुरा भएन।

**गजेन्द्रनारायण सिंहको पालामा पनि सत्ता स्वार्थको खेल भएको हो नि होइन ?**

सत्ताको खेल त्यतिबेला पनि हुन्थ्यो। तर अहिलेको जस्तो गन्दा हुँदैन्थ्यो। यद्यपी मलाई त्यतिबेला पनि व्यक्तिगत रुपमा भन्ने हो भने सत्ताको राजनीति मन परेको थिएन। गजेन्द्रनारायण सिंहले पनि एउटा काउज लिएर मधेश आन्दोलन गर्नुभएको थियो। मधेशी जनतामा आशा भरोसा जगाउनु भएको थियो। तर उहाँ पनि सत्ताको खेलमा फँस्नुभयो। नारायण विजुक्छेसँग धेरै सांसद पनि हुँदैन, एक दुई जना मात्र हुन्छन् तर कहिले सत्ताका लागि हारालुछी गर्नुभएन। सत्तामा नगएर पनि उहाँले आफ्नो क्षेत्रमा काम गर्नुभएको छ। जनताको विश्वास जित्नु नै भएको छ तर मधेशवादी दलमा कुन रोग लागेको छ थाह छैन एउटा सांसद भए पनि सरकार बिना बाच्न सक्दैन। सरकारबाहिर हुँदा ठूला ठूला कुरा गर्ने त्यही नेता मन्त्री भएपछि सबै कुरा पुरा भएको जस्तो कुरा गर्न थाल्छन्। आन्दोलन पनि गर्ने र सरकारमा पनि बस्ने, दुईटा काम एकै पटक हुन सक्दैन। आन्दोलनकारीको रुपमा सत्तामा गएपछि उसले आन्दोलनको कुरा गर्न मिल्दैन किनभने उ सरकारको अंग बनिसकेका हुन्छन्।

**यसको मतलब गजेन्द्र र उपेन्द्रमा कुनै अन्तर छैन ?**

गजेन्द्रनारायणसँग उपेन्द्र यादवको तुलना नै गर्न मिल्दैन। दुवै जनाको एजेण्डा र उद्देश्य एउटै भएपनि स्कूलिङ फरक फरक थिए। त्यतिबेला गजेन्द्रनारायणसँग दुई चार जना सांसद मात्र हुन्थ्यो। त्यति सांसद लिएर केही गर्ने अवस्था थिएन। त्यही कारणले बाध्य भएर सरकारमा उहाँ जानु हुन्थ्यो। यद्यपी नजाँदा पनि हुन्थ्यो। तर उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतोहरुको अवस्था त्यस्तो थिएन। उहाँहरु एउटा शक्ति लिएर संसदमा जानु भएको थियो। उहाँहरुले गर्न चाहेको भए धेरै काम गर्न सक्नु हुन्थ्यो। सरकारलाई बनाउन र गिराउन हैसियत राख्ने उहाँहरुले त्यतिबेला अलिकति धैर्य गरेर मधेशको माग र मुद्दा सम्बोधन गराउने तिर लागेको भए मधेशको अवस्था यस्तो हुने थिएन तर मधेशको माग सम्बोधन गराउनुको सट्टा सत्ताको बार्गेनिङमा उहाँहरु लाग्नुभयो र मधेशलाई झन कमजोर बनाउनुभयो। त्यतिबेला गजेन्द्रनारायण सिंह पनि सरकारमा जाँदा कोही कुनै नेताले हस्तक्षेप गर्नु हुन्थेन, बोल्नु हुन्थेन। गजेन्द्रनारायण सिंहले जे भन्नुहुन्थ्यो त्यही हुन्थ्यो। अहिलेका मधेशवादी दलमा पनि त्यही अवस्था छ। अध्यक्ष प्रणालीको पार्टी रहेका छन् तर त्यहाँ अध्यक्षबाहेक कसैको केही चल्दैन। मधेशवादी दलमा आन्तरिक लोकतन्त्र पनि छैन। बरु काँग्रेस, एमाले, माओवादी दलहरुमा आन्तरिक लोकतन्त्र पाइन्छ।

**मधेशको यो अवस्था हुनुमा मधेशी दल तथा नेता कहाँ चिप्लेको जस्तो लाग्छ तपाईलाई ?**

मधेशवादी दलका नेताहरु माग र एजेण्डाहरु उठाउनु हुन्थ्यो। त्यसमा सरकार तथा अन्य सरोकारवालासँग सम्झौता पनि गर्नुहुन्थ्यो तर त्यसमा अडिग कहिले रहनु भएन। पदको पछाडि दौड्नुभयो उहाँहरु। सत्ताका राजनीतिलाई प्राथमिकतामा राख्नुभयो। मन्त्री बन्नका लागि जे पनि गर्न तयार हुने गरी अगाडि बढ्नुभयो त्यही भएर आज मधेशको अवस्था यस्तो भयो। सिके राउतले पनि स्वतन्त्र मधेश कुरा उठाएर राजनीतिमा आउनुभयो। आन्दोलन गर्नुभयो तर पछि ती सबैलाई छाडेर सत्ताको राजनीतिमा लाग्नुभयो। यसरी मधेशका लागि कोही पनि गम्भीर ढंगले लागेको जस्तो देखिएन। सबै नेताहरुमा एक प्रकारको बिचलन देखिन्छ।

**तपाई सत्तामा गएर राजनीतिलाई बिगारेको भन्नुहुन्छ, तर उहाँहरुले सत्तामा नगइकन जनताका लागि केही पनि गर्न सकिदैन भन्दै आउनुभएको छ के यो सही हो ?**

कम से कम म त यो कुरामा विश्वास गर्दिन। फेरि म मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेको उदाहराण दिन चाहन्छु। उहाँ कहिले सत्ताको कुरा गर्नु भएन तैपनि विकास गरिरहनु भएको छ। भक्तपुरमा उहाँलाई राजा नै मान्छन्। तर मधेशवादी दलका नेतामा त्यो अवस्था देखिएको छैन। ठिक छ, जनतालाई चाहिएको विकासका लागि उहाँहरु सरकारमा जानुभयो रे तर के उहाँहरुले त्यसरी काम गर्नुभएको छ र ? संघीय सरकारको कुरा छाडौं, प्रदेशको कुरा गरौं। मधेश प्रदेश सरकारमा उहाँहरुकै हालीमुहाली छन्। उहाँहरुले चाहेको जस्तो सरकार बनेको छ, उहाँहरुले चाहेको जस्तो बजेट आएको छ, उहाँहरुले भनेको जस्तो मधेश चलेको छ अनि अरु के चाहियो तर विकासको नाममा जिरो, भ्रष्टारको नाममा हिरो छ। उहाँहरुले वर्षेनी वजेट ल्याउनु हुन्छ तर त्यसको सदुपयोग कही पनि भएको छैन। सबै ठाउँमा दुरुपयोग नै भएका छन्। यहाँसम्म कि वजेट वितरण गर्नुभन्दा पहिले मन्त्रीहरुले आफ्नो कमिशन लिइहाल्नु हुन्छ। विकासका योजनाहरु बेच्ने गर्नुहुन्छ। स्थानीय तहको अवस्था पनि त्यस्तै छन्। आफ्नो शासन, प्रशासन आएपछि केही गरौंला भनि नारा दिने नेताहरु भ्रष्टाचारमा यसरी डुबेका छन् कि अरु कुराहरु यादै छैन। अनि किन चाहियो सत्ता, सत्तामा जानु भन्दा आन्दोलन गर्नु, जनताको हक अधिकारको कुरा उठाउनु, जनतामा चेतना फैलाउनु, सरकारको काम पारदर्शी होस् भनि काम गर्नु नै ठिक हो।

**जनताले मधेशी दलमाथि जसरी असन्तुष्टि पोखेका छन् त्यसरी त ठूला दलप्रति पनि असन्तुष्टि जनाएका छन् होइन ?**

हो तर ठूला दलले ती सबै कुरा पचाई सकेका छन्। उसले अरु कसैका लागि केही गर्नुपर्ने अवस्था छैन। अलिकति केही गरे जस्तो देखाए पनि उसको काम चल्छ तर मधेशवादी दलको अवस्था त्यस्तो छैन। मधेशी जनताले अधिकार, पहिचान पाएका छैनन्, त्यहाँ गरिबी अशिक्षा, बेरोगजारी छन्। त्यसको लागि मधेशी दल लडेन भने अरु कोही लड्दैन बरु त्यसलाई झन बिगार्ने र भत्काउने काम गर्न सक्छन्। ठूला दलहरु बिग्रिए भने आफूलाई सुधार गर्न सक्छन् तर मधेशवादी दललाई त्यो छुट छैनन् किनभने सानो दल हुन्, राज्यमा ती दलको त्यति पहुँच छैन केही उल्टा सिधा भयो भने त्यसलाई उनीहरुले सम्हाल्न सक्दैन। म मधेशको धेरै ठाउँमा घुमेको छु, मधेशी नेताले मात्र होइन, मधेशी जनताले पनि आन्दोलन बिर्सि सकेका छन्। उनीहरुले भन्न थालेका छन्, यी मधेशवादी दलहरुको साथमा रहनु भन्दा ठिक त कुनै ठूला दलको साथमा जाँदा नै राम्रो।' पछिल्लो समय मधेशवादी दल छाडेर ठूला ठूला दलमा जान थालेका छन्।

**तपाई मधेश राजनीतिका पुरानो व्यक्ति हुनुहुन्छ, तर राजनीति छोड्नु भयो किन ?**

हेर्नुस् राजनीति गर्नका लागि पैसा चाहिन्छ मसँग पैसा छैन त्यही भएर राजनीतिमा नगएको हुँ। कहीं जाँदा पैसा खर्च हुन्छ, कसैसँग भेट्दा खर्च हुन्छ, कार्यक्रम गर्दा खर्च हुन्छ, त्यति पैसा मसँग छैन त्यही भएर राजनीति गर्ने आँट आएन। पहिला पहिला त बिना पैसाको राजनीति हुन्थ्यो। गाउँघरमा जाँदा जनताले नै स्वागत गर्थे। आफ्नो घरमा राखेर खाना खुवाउथ्यो, मानसमान हुन्थ्यो तर अहिले जनतालाई खुवाउनु पर्छ।

**त्यसो भए अब के गर्नुहुन्छ त ?**

केही आफ्ना लाइकम्याडेन्टलाई जोडेर एउटा संस्था खडा गरेर समाजका लागि केही गर्ने, राजनीतिक दललाई दबाव दिनका एउटा समाजिक संस्था बनाउने सोच बनाएको छु। साथीहरुको बीचमा छलफल चलिरहको छ। केही नकेही गर्नुपर्छ तर राजनीतिप्रति मेरो आकर्षण छैन।

# आफ्नो लागि लड्दा लड्दै अरुक




एउटा केटी जो पढाईमा अब्बल हुन्छ । पढाई सकाएर आफ्नो खुट्टामा उभिन उनी जागिरको खोजीमा हुन्छ । उच्च तहको सरकारी जागिर पनि उसले सहजै पाउँछन् । सोही क्रममा एउटा विदेशी केटोसँग उसको बिहे हुन्छ । खुशीसँग जीवन बिताउन थाल्छन् र केटीले एउटी बच्चीको जन्म दिन्छन् । त्यसबाट श्रीमान नाखुश भएर श्रीमतीलाई आडेर आफ्नो देश फर्किन्छन् । अब बच्ची सम्हाल्ने कि जागिर खाने, दोधारमा पर्छिन् उनी । अन्त्यमा बच्चीलाई सम्हाल्ने निर्णयमा पुग्छिन् र जागिर छाड्छिन् । घरमा बच्चीलाई सम्हाल्न थाल्थिन् । केही समयपछि उनका श्रीमान आउँछन् । पुनः खुशीका साथ बस्न थाल्छन् । श्रीमानले पनि आफ्नो बच्चीलाई माया गर्न थाल्छन् । केही समयपछि श्रीमानले आफ्ना बच्चीसहित श्रीमती (केटी)लाई लिएर आफ्नो देश फर्किन्छन् । केही दिनपछि त्यो परिवारका सदस्यबाट ती बुहारी (केटी)माथि हिंसा सुरु हुन्छ यहाँसम्म कि ज्यान लिने हमला पनि हुन्छ । आफ्नो ज्यान जोगाउन बच्चीलाई लिएर उनी घरबाट भाग्छन् र न्यायका लागि परिवारसँग उनले संघर्ष सुरु गर्छन् । आफ्नो लागि परिवारसँग संघर्ष गर्दा गर्दै उनले समाजका हरेक पिडित महिलाको लागि अवाज उठाउन थाल्छन् र उनी समाजका लागि एउटा आवाज बन्छन् ।

■ अहिले मधेशमा कुनै महिलामाथि अन्याय भयो भने पिडितहरु किर्तिकालाई सम्झिन्छन् । अहिले प्रहरी प्रशासनलाई खोज्न छाडेर किर्तिकालाई खोज्न थाल्छन् ।

■ आरती, सुधिरा, मनिषा, बिनु, काजल, नेहा, आरती गिरी, निहारिका, विरेन्द्र, अनितालगायतको अवाज बन्नुभएको छ उहाँ ।

■ यो देशमा प्रहरी महिला सेल र महिला आयोगको काम नै छैन । धेरै महिलाहरु यिनै निकायबाट पिडित बनेका छन्, किर्तिका भन्नुहुन्छ, 'आरती साहका आमा-बुवा महिला आयोगमा पटक पटक जानु भएको छ, त्यहाँ न्याय दिनु कहाँ हो कहाँ आयोगका सदस्यहरुले भेट्न पनि चाहेका छैनन् ।'

■ सन् २०१५ मा एमबीए सकाउने बित्तिकै उहाँले ताज होटलमा काम गर्नुभयो । त्यहाँ काम गरिरहेकै बेला भारतको पर्यटन मन्त्रालयमा मार्केटिङ अफिसरका लागि विज्ञापन निस्केको थियो । त्यसमा पनि उहाँले फर्म भर्नुभयो ।

**पिडितको आवाज**

तपाईलाई यी सबै कुरा कुनै एउटा फिल्मको कथा जस्तो लाग्न सक्छ तर यो कुनै फिल्मको कथा होइन । मधेश प्रदेश धनुषा नगराइनका किर्तिका यादवको यो वास्तविक कथा हो । उहाँ अहिले पिडित महिलाहरुको आवाज बन्नुभएको छ ।

**फैसला गर्ने तरिका**

अहिले मधेशमा कुनै महिलामाथि अन्याय भयो भने पिडितहरु किर्तिकालाई सम्झिन्छन् । अहिले प्रहरी प्रशासनलाई खोज्न छाडेर किर्तिकालाई खोज्न थाल्छन् । महिला मात्र होइन, कतिपय पुरुष पनि श्रीमती वा छोरीमाथि भइरहेको अन्यायको बारेमा बोलि दिन आग्रह गर्न जान्छन् । कुनै महिलामाथि अन्याय भएको छ भने किर्तिका प्रहरी प्रशासन, अड्डा अदालतमा जानु हुन्न, पहिला उहाँले आफै आफ्नो तरिकाले त्यसलाई समाधान गर्ने प्रयास गर्नुहुन्छ ।

यो काममा उहाँ एक्लै हुनुहुन्न । महिलाको एउटा टिम छ । र, त्यो टिममा सबै पिडित महिलाहरु नै छन् । त्यसमध्ये कसैले न्याय पाएका छन् भने कसैले न्यायका लागि लडि रहेका छन् । ती पिडित महिलाहरुको टिमले समाजमा हुने महिलामाथिको अन्याय बारे अवाज उठाउँछन् । त्यसको अगुवाई किर्तिका यादवले गरिरहनु भएको छ । उहाँले आफ्नो टिमलाई सार्वजनिक गर्नुभएको छैन । भूमिगत शैलीमा उहाँले काम गरिरहनु भएको छ । देखाउनका लागिथ दुई तीन जनालाई देखाउनु हुन्छ तर भित्रभित्रै ठूलो टिम उहाँले तयार गर्दै हुनुहुन्छ । आवश्यक पर्‍यो भने हतियार पनि उठाउन सकिने आँटका साथ किर्तिकाको टिम तयार हुँदैछ ।

किर्तिका भन्नुहुन्छ, 'नेपालको प्रहरी प्रशासन, अड्डा अदालत यहाँको सिस्टममाथि हामीलाई विश्वास छैन, हामीसँग रहेका कतिपय महिलालाई त्यही प्रहरीले शोषण गरेका छन्, त्यही अदालतका न्यायधिश र कर्मचारी, राजनीतिक दलका नेताहरुले शोषण गरेका छन् उनीहरुले कतिपयलाई आत्महत्या गर्न बाध्य पारेका छन्, त्यसलै त्यो सिस्टममाथि हामीलाई विश्वास छैन । न्यायका लागि दबाव बढाउने र जहाँ गलत भएका छन् त्यही समाधानका लागि पहल गर्ने हाम्रो फैसला गर्ने तरिका हो ।'

**पीडित महिलाको अबाज**

आरती, सुधिरा, मनिषा, बिनु, काजल, नेहा, आरती गिरी, निहारिका, विरेन्द्र, अनितालगायतको अवाज बन्नुभएको छ उहाँ । उहाँहरु एक अर्काका लागि हातोमालो गरि लडि रहनु भएको छ । उहाँ आफ्नो परिवारबाट न्याय पाउनका लागि संघर्षरत छदैं हुनुहुन्छ तर मधेशमा पिडित रहेका अन्य महिलाका लागि लडाई गरिरहनु भएको छ । किर्तिका भन्नुहुन्छ, 'अब मेरो परिवारसँगको लडाई समाजको लडाई भएको छ, म अब परिवारभन्दा पनि देशको सिस्टमसँग लडिरहेको छु, पीडित महिलाको अबाज बन्ने कोशिसमा छु, मसँग थुप्रै महिलाहरु अपेक्षा गरेका छन् ।'

किर्तिकाको मोबाइलमा दिनमा कम्तीमा चार पाँच जना पिडित महिलाहरुको फोन आइ नै रहेका हुन्छन् । अन्य फोनहरु कति आउँछन् कति । जनकपुर पुग्दा किर्तिकाको डेरामा पीडितहरुको भिड नै हुन्छन् । मधेशमा महिलाहरुमाथि कसरी हिंसा भएका छन्, मधेशका महिलाहरु आफ्नै परिवारबाट कसरी पिडित बनेका छन् त्यो अहिले भन्न साध्य छैनन्, उहाँले भन्नुभयो, 'अधिकाँश महिलाहरु छोरीलाई जन्म

# ...को लागि आवाज बन्नुभयो किर्तिका

दिएको कारण पीडित छन् भने अन्य महिलाहरु दहेजका कारण भने कोही बोक्सी कारण पीडित बनेका छन् ।'

बच्चालाई जन्म नदिँदा पनि आफ्नो परिवारबाट पिडित भएका महिलाको सँख्या पनि धेरै छन् । कुनै महिलाले बच्चाको जन्म दिनसक्दैन भने परिवारबाटै हिंसाको शिकार भएका हुन्छन् । कुटपिटका साथै हत्यासम्म गरेको घटनाहरु पनि धेरै छन्, किर्तिका भन्नुहुन्छ, 'मधेशी समाजमा यस्तो घटना घरघर भेटिन्छन्, कतिपयलाई दवाइन्छ भने कतिपय बाहिर आउँछन् बाहिर आएका कतिपय घटनालाई ढाकछोप हुने काम पनि हुन्छ ।'

बिनु यादव जसले प्रेम विवाह गर्नुभएको थियो, तर परिवारबाट नै उहाँ बलत्कृत हुनुपर्‍यो । न्यायका लागि अदालत जाँदा त्यहाँ पनि दुरव्यवहार भयो । यहाँसम्म कि विष सेवन गर्नेसम्मको अवस्था सृजना भएको थियो, त्यो किन भयो राज्यको सिस्टमका कारण । निहारिकाले पनि एक जना केटासँग प्रेम गर्नुभएको थियो । एउटा बच्ची पनि भएको थियो तर समाजले त्यसलाई स्विकार गर्न नचाहेपछि कत्रो संघर्ष गर्नुपरेको छ त्यो कसैसँग लुकेको छैन । आरती साह जसलाई दहेजका कारण उसको परिवारले हत्या गर्दियो, प्रहरी तथा जनकपुरका स्थानीय नेताहरुले त्यो घटनालाई ढाकछोप गर्न थालेपछि आरतीका आमा-बुवा, बहिनी र भाइ चार महिनादेखि माइतीघरमा अनसन बसेका छन् ।

धनुषा नगराइनकै एउटा जोगीले एउटा महिलालाई आफ्नो निवासमा राखेर महिनौसम्म यौन शोषण गरे । पछि ती घटनालाई त्यहाँका नेताहरुले ढाकछोप गरे । अहिले ती जोगी खुल्ला रुपमा घुमफिर गरिरहेका छन् । सुधिरा जसले एउटा केटासँग प्रेम गरे, यो कुरा घरमा उहाँका आमा-बुवाले थाह पाएपछि घरबाट निकालि दिए । सुधिरा अहिले बेघर हुनुभएको छ । यी सबैका लागि हामीले लड्नुपरेको छ, किर्तिकाले भन्नुभयो, 'महिलाको न्यायका लागि लामो लडाई लड्ने सोच बनाएका छौं ।'

**प्रहरी महिला सेल र महिला आयोग**

यो देशमा प्रहरी महिला सेल र महिला आयोगको काम नै छैन । धेरै महिलाहरु यिनै निकायबाट पिडित बनेका छन्, किर्तिका भन्नुहुन्छ, 'आरती साहका आमा-बुवा महिला आयोगमा पटक पटक जानु भएको छ, त्यहाँ न्याय दिनु कहाँ हो कहाँ आयोगका सदस्यहरुले भेट्न पनि चाहेका छैनन् ।' किर्तिकाले आफ्नो घटनामा पनि पटक पटक महिला आयोग जानु भएको छ, र परिवारका सदस्यलाई बोलाएर वार्ता गराई दिन भन्नुभएको छ तर आयोगले त्यति पनि गर्न सकेको छैन ।




किर्तिकाले एकपटक आफ्नो श्रीमानलाई बोलाएर आफूहरुको बीचमा कुरा गराई दिनुस् केस आफै सोल्भ हुन्छ भनि पटक पटक आयोगसँग आग्रह गर्नुभयो तर आयोगले कुनै ध्यान दिएन ।



आफूसँग प्रमाणका रुपमा रहेका भ्वाइस कल रेकर्ड, भिडियो आयोगका एक जना सदस्यलाई किर्तिकाले दिनुभएको थियो । तर आयोगका ती सदस्यले न्याय दिलाउनुको सट्टा किर्तिकाको विपक्षी र जनकपुरका केही नेताहरुलाई ती प्रमाण पठाई दिएका थिए । किर्तिका भन्नुहुन्छ, 'यसरी आयोगबाट न्यायका लागि कसरी अपेक्षा गर्न सकिन्छ, एकपटक एक जना पिडित महिलालाई आयोगमा छलफलका लागि बोलाइएको थियो तर त्यहाँ यस्तो अवस्था सृजना भयो कि ती महिलालाई आत्महत्या गर्न बाध्य पारिएको थियो, त्यो दिन हामी समयमा नपुगेको भए त्यो महिलाले आत्महत्या गर्नुहुन्थ्यो ।'

प्रहरी महिला सेलमा आफूमाथि नै कतियौंपटक दुरव्यवहार भएको सुनाउनु हुन्छ किर्तिका । महिला प्रहरीबाट समेत गाली गलौज र कुटपिट हुने गरेको उहाँ बताउनुहुन्छ । पिडित महिलाहरु न्यायका लागि प्रहरीमा जाँदा त्यहाँका प्रहरीहरुले ती महिलालाई गरेको यौन शोषणका घटनाहरु पनि आफूहरुसँग आएको उहाँ बताउनु हुन्छ ।

काँग्रेस पार्टी धनुषाका नेता एवं मधेश प्रदेशका मन्त्री रामसरोज यादवले आफ्ना गुण्डाहरु राती राती मलाई धम्काउनका लागि मेरो कोठामा पठाउनु हुन्थ्यो, कहिले १० बजे त कहिले राती १२ बजे कोठामा पठाउनु हुन्थ्यो, किर्तिकाले भन्नुभयो, 'उहाँहरु कोठामा पसेर मलाई मानसिक टर्चर दिनुहुन्थ्यो, गाली गलौज गर्नुहुन्थ्यो दुरव्यवहार गर्ने कोशिस गर्नुहुन्थ्यो यही कुरा भन्नका लागि मैले एक दिन आफ्नो टिम लिएर मन्त्री रामसरोजलाई भेट्न जाँदा उहाँले त्यो कोठामा उहाँहरुलाई मैले नै जान भनेको हुँ जान्छन् के गर्नुहुन्छ, त्यो कोठा उहाँहरुको पनि हो भनि गैरजिम्मेवार प्रतिकृया दिनुभएको थियो ।'

यति मात्र होइन, किर्तिका घटनामा प्रहरीलाई पनि मन्त्री रामसरोजले फोन गर्नुहुन्थ्यो । यी सबै कुरा किर्तिकाले राख्दा रामसरोजले स्विकार गरेको भिडियो पनि सार्वजनिक भएको छ । त्यही दिन किर्तिकाका टिमले मन्त्री रामसरोजलाई घरबाट बाहिर निकाले कुटपिट पनि गरेको थियो ।

किर्तिका भन्नुहुन्छ, 'राजनीतिक दलका प्रायः हरेक साना ठूला नेताहरु महिलालाई शोषण गर्छन्, आफ्ना पक्षका व्यक्तिलाई बचाउनका लागि जस्तोसुकै हद पार गर्न तयार हुन्छन् ।'

**को हुन् किर्तिका ?**

बुवा बद्रीनाथ सिंह यादव र आमा आरती यादवका कान्छी छोरी किर्तिका यादव भारत उत्तर प्रदेश वणारसका हुनुहुन्छ । दाइ विवेक यादव, दिदी डा.रिना यादव र सोनु यादव हुनुहुन्छ । जेठी दिदी डा.रिना यादवको विवाह पनि नेपालमै भएको छ । डा.रिना यादव हाल एमाले पार्टीमा आवद्ध हुनुहुन्छ । २०७४ मा उहाँ मधेश प्रदेशको प्रदेश सभाका सांसद पनि हुनुभएको थियो । किर्तिका यादवको जीवनमा डा.रिनाको ठूलो योगदान रहेको छ ।

वणारसको एक स्कुलबाट आठ कक्षासम्म पढ्नु भएका किर्तिका सम्वीम एकेडेमी वणारसबाट प्लस टु पास गर्नुभएको छ । आइएचएम वणारसीबाट होटेल म्यानेजमेन्टमा ब्याचलर गर्नुभएका उहाँले कानपुरको हारकोर्ट बटलर कलेजबाट एमबीए गर्नुभयो । एमबीएमा उहाँले मार्केटिङ हुमेन रिसोर्स अध्ययन गर्नुभएको छ ।

सन् २०१५ मा एमबीए सकाउने बित्तिकै उहाँले ताज होटलमा काम गर्नुभयो । त्यहाँ काम गरिरहेकै बेला भारतको पर्यटन मन्त्रालयमा मार्केटिङ अफिसरका लागि विज्ञापन निस्केको थियो । त्यसमा पनि उहाँले फर्म भर्नुभयो । जागिरका लागि दिनुभएको सबै परीक्षा उहाँले पास गर्नुभयो । सन् २०१६ देखि उहाँले ताजको जागिर छाडेर भारतको पर्यटन मन्त्रालयमा काम गर्न थाल्नुभयो ।

**विवाह**

त्यही बीचमा उहाँको विवाह भयो । नेपालको मधेश प्रदेशका धनुषाका राजु यादव जो दिल्लीको प्राइभेटक कम्पनीमा जागिरे हुनुहुन्थ्यो । उहाँ इन्जिनियर हुनुहुन्छ । डा.रिना यादवको देवर अजय यादव र राजु यादवको बीचमा चिनजान थियो । राजुले विवाहका लागि केटी खोजी रहनु भएको थियो । त्यही बेला अजयले भन्नु भएको थियो, 'मेरो भाउजुको बहिनी हुनुहुन्छ, राम्री छिन् यही दिल्लीमा जब गरिरहनु भएको छ, तपाईका लागि ठिकै हुन्छ भन्नुभएको थियो ।'

राजु पनि विवाहका लागि इच्छा देखाउनु भयो । कुरा दुवै जनाको घरसम्म पुग्यो । किर्तिकाका आमा बुवाले पनि त्यस्तै केटा खोजिरहनु भएको थियो । किर्तिकाका आमा-बुवालाई राजु मन परेको थियो । राजुका आमा-बुवाले किर्तिकालाई पटक पटक हेरेर फाइनल गर्नुभएको थियो । राजु र किर्तिकाका बिहे भयो ।

बिहेपछि जीवन निकै खुशीका साथ बितिरहेको थियो । किर्तिकाले त्यही बीचमा एउटा छोरीको जन्म दिनुभयो । छोरी जन्मेपछि राजुको मन खिन्न भयो र किर्तिकालाई सत्केरी अवस्थामा नै छाडेर आफ्नो घर नेपाल फर्किनुभयो । हेरचाह र माया गर्ने श्रीमान छाडेर गएपछि किर्तिकालाई निकै अप्ठ्यारो भएको थियो । दिल्लीस्थित नोएडा घरमा कोही थिएन ।

छोरी सम्हाल्ने कि जागिर गर्ने, उहाँ अप्ठ्यारोमा पर्नुभयो । किर्तिका बसेको ठाउँदेखि गाडीबाट अफिसको दुरी अढाई घण्टाको थियो । सधै आउजाउ गर्न उहाँलाई गाह्रो थियो । घरमा छोरी हेर्ने कोही भइदिएको भए अलि सजिलो हुन्थ्यो तर चार महिनाको छोरीलाई लिएर जागिरलाई निरन्तरता दिन सक्नुभएन ।

उहाँले अन्त्यमा जागिर छाडेर छोरीको हेरचाह र स्यहार सुसार गर्न थाल्नुभयो । किर्तिकाले जागिर छाडेर घर बस्न थालेको केही दिनपछि राजु पनि दिल्ली फर्किनुभयो । किर्तिका र छोरीसँग खुशी खुशी दिन बिताउन थाल्नुभयो । राजु र किर्तिकाको जीवना ठिकठाक चलिरहेको थियो । किर्तिका पनि छोरी र श्रीमान साथ पाएर निकै खुशी हुनुहुन्थ्यो, जागिर छाडेकोमा उहाँलाई

बाँकी पृष्ठ १२ मा

# चिनियाँ ऋणमा यसरी फँस्यो नेपाल

पोखरा विमानस्थल र चिनियाँ बैंकको ऋणबारे अमेरिकाको न्युवर्क टाइम्सले एउटा समाचार प्रकाशन गरेको छ। नेपाल चिनियाँ ऋणमा कसरी फस्यो भन्ने तथ्यको उठान गरिएको छ। बोलपत्र प्रक्रिया सुरु हुनु अगावै ऋण दिनेसँग हस्ताक्षर गरिएको कुरामा समेत उजागर गर्दै सन् २०११ मा चीनले आधिकारिक रूपमा विमानस्थलको लागि पैसा ऋण दिन सहमति दिएको थियो।

तर त्यसको ठिक एक वर्षअघि नै नेपालका तत्कालिन अर्थमन्त्रीले सीएएमसीको प्रस्तावलाई समर्थन गर्न समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको थियो। बोलपत्र प्रक्रिया सुरु हुनुअघि नै गरिएको सो समझदारीमाथि न्युवर्कको समाचारमा उल्लेख छ। चिनियाँ ऋण सम्झौताले चिनियाँ कम्पनीहरूलाई मात्र काममा बोलपत्र गर्न अनुमति दिएपछि नेपालले अनुमान गरेको लागत भन्दा झन्डै दोब्बरको लागत अर्थात ३.५ मिलियन डलर बिड गरेको र पछि नेपालीपक्ष र चिनियाँ पक्षबीच विवाद भएको भनि कुरा उठेपछि कम्पनीले लागत मूल्य ३० प्रतिशतले घटाएको थियो।

२१६ मिलियन डलरमा काम गर्न सो कम्पनी राजि भएपछि चीन र नेपालले सन् २०१६ मा २० वर्षे सम्झौतामा हस्ताक्षर गरेका थिए। सो रकमको एक चौथाई ब्याजरहित ऋण हुने र बाँकी रकम नेपालले बेइजिङको वैदेशिक विकास कार्यमा लगानी गर्ने सरकारी स्वामित्वको बैंक अफ चाइनाबाट दुई प्रतिशत ब्याजमा ऋण लिने सहमति भएको थियो। नेपालले सन् २०२६ मा ऋण तिर्न थाल्ने सहमति सो सम्झौतामा छ। ऋण सम्झौता भएको एक वर्षपछि आयोजनाको निर्माण सुरु भयो। र अहिले सो ऋण नेपालको लागि बोझ भएको छ।

सीएएमसीले कुनै पनि परामर्शदाता नआउनु अघि नै काम सुरु गरेको र सीएएमसीले गरेको काम अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएकोसमेत समाचारमा उल्लेख छ। सन् २०१६ देखि नेपालले सो ऋणवापतको रकम चिनियाँ बैंकलाई तिर्नुपर्छ। तर मापदण्डमाथि प्रश्न उठ्दा सो एयरपोर्टसँग अहिले 'बिजनेश' छैन। यसरी ठूलो र भारपूर्ण ऋणमा नेपाललाई डुबाउने काम भएको छ पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माणका समयमा। न्युवर्क टाइम्सले उजागर गरेको थप विवरणसहितको तथ्यले चिनियाँ ऋणमा नेपाल डुबेको प्रष्ट पार्छ।

# बीस लाखको इन्धन खर्च गर्ने अध्यक्षले दिएनन कर्मचारीको तलब सुविधा

असारमै हुनुपर्ने गाउँपालिकाको गाउँसभा हालसम्म हुन नसकेको र सोही कारण आफूहरु तलव भत्ताबाट बञ्चित भएको भन्दै सिरहा विष्णुपुर गाउँपालिका कर्मचारीहरु धर्ना सुरु गरेका छन्। गाउँपालिकाका शिक्षा अधिकृत दीपकुमार यादवका अनुसार गाउँपालिकाले विद्यालय तथा स्वास्थ्य संस्थामा अभाव रहेको जनशक्ति पूर्ति गर्न र आवश्यकीय औषधीको प्रबन्ध मिलाउन सकेको छैन।

दशैं जस्तो पर्वमा पनि तलब खान पाएन, तिहार र छठमा पनि तलब खान पाउने हो कि होइन भनि चिन्ता कर्मचारीहरुमा देखिएको छ। गाउँपालिकाका अध्यक्ष  सत्यनारायण यादव र वडाध्यक्षहरु बीच योजना बाँडफाँडमा तालमेल मिल्न नसकेपछि गाउँसभा प्रभावित भएको थियो। आर्थिक वर्ष २०७८/०७९ को अषाढ महिनामा मात्र गाउँपालिकाले कूल बजेटको ५९.२१ प्रतिशत बजेट खर्च गरेको हो तर त्रैमासिक रुपमा गराउनु पर्ने आन्तरिक लेखापरीक्षण समेत पालिकाले नगराएको समाचार स्रोत बताउँछन्।

पालिकाले हालसम्ममा सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गराउन नसकेको पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको जिम्मेवारीबाट समेत पन्छिएको देखिएको छ। पालिकाको स्रोतको २४ सै घण्टा उपभोग गर्ने पालिकाका अध्यक्ष सत्यनारायण यादव भोज भण्डारामा जाँदा पनि पालिकाको गाडी, इन्धन प्रयोग गर्ने गरेको स्थानीयको आरोप छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनु भन्दा १५ दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको तोक्नु पर्नेमा हालसम्म तोकेको छैन।

१८ हजार ५२२ जनसँख्या रहेको बिष्णुपुर गांउपालिकाको आर्थिक वर्ष २०७८/०७९ सम्ममा ३६ करोड २२ लाख ६२ हजार अध्यावधिक बेरुजु रहेको छ। तीमध्ये असुल गर्नुपर्ने ९१ लाख ७९ हजार बेरुजु रकम असुल उपर गर्न पालिकाले कुनै पहल गरेको छैन। अधिकाँश बेरुजु पालिकाका कर्मचारीले लिएको पेश्की र जननिर्वाचित प्रतिनिधिका आसेपासेको रहेको स्रोतले दावी गरेको छ। पालिकाले इन्धन, सूचना, लक्षित वर्गका कार्यक्रम कागजी मिलानबाट पछ्यौंट गर्ने गरेको बुझिएको छ। वर्षमा २० लाख भन्दा बढी इन्धनमा खर्च देखाउने पालिकाले, इन्धन सरकारी काममा प्रयोग भएको पुष्टि हुने आधारप्रमाण देखाउन सकेको छैन।

# यस्तो बन्दैछ जसपाको आफ्नै भवन

जनता समाजवादी पार्टी नेपालले केन्द्रीय कार्यालयको भवन निर्माणका लागि पार्टी सदस्यलगायत अन्य सहयोगी तथा शुभेच्छुकलाई सहयोगका लागि आग्रह गरेको छ। जसपाले ललितपुरको रानीबुमा एक रोपनी आठ आना जग्गा यसअघि नै खरिद गरेर राखेको छ। सोही जग्गामा पार्टी कार्यालय भवन बनाउनका लागि आर्थिक सहयोग गर्न आग्रह गरेको जसपाले जनाएको छ। आर्थिक सहयोगका लागि पार्टी सदस्यहरुलाई आन्तरिक सर्कुलर पनि गरेको छ।

विदेशमा रहेका पार्टीका भातृ संगठनलाई पनि सहयोगका लागि आग्रह गरिएको छ। रकम कसैका लागि तोकिएको छैन, पार्टीका प्रचार विभाग प्रमुख पूर्ण वस्नेतले पार्टीका सदस्यहरुलाई सहयोगका लागि अपिल गरेपनि कसले कति सहयोग गर्नुपर्ने त्यसको अनिवार्य गरेको छैन।'

भवन निर्माणका लागि पार्टीका कार्यकारिणी सदस्य एवं पूर्व मुख्यमन्त्री लालबाबु राउतको संयोजकत्वमा भवन निर्माण समिति गठन गरेको छ। केन्द्रीय कार्यालय निर्माण सम्बन्धी भौतिक, आर्थिक र व्यवस्थापनलगायत आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गरी निर्माण कार्य सम्पन्न गर्ने गरी भवन निर्माण समितिलाई जिम्मेवारी दिइएको प्रमुख वस्नेतले बताउनुभयो।

यसअघि पनि तत्कालिन संघीय समाजवादी फोरम, नेपालले वरिष्ठ नेता अशोककुमार राईको संयोजकत्वमा भवन निर्माण समिति गठन गरेको थियो। सो समितिले भवनको नक्शा पास, माटोको परीक्षणलगायतका कार्य गरिसकेको छ। थप कार्यका लागि अर्को समिति गरेको हो। वरिष्ठ नेता राइ शिक्षा मन्त्रीमा रहेको कारण राउतलाई संयोजक बनाएको हो। कात्तिक १३ गते बसेको जसपाको कार्यकारिणी समितिको बैठकले राउतको संयोजकत्वमा गठन भएको समितिमा अमरेशनारायण झा, बलराम महतो, न्हुच्छेलाल महर्जन र सिताराम साह सदस्य रहेका छन्।

त्यस्तै, सोही बैठकले गंगाराम यादव, विमलप्रसाद साह, शैलेश चौधरीलाई सल्लाहकार समितिमा र वीरेन्द्र यादवलाई सामाजिक सुरक्षा समितिमा मनोनयन गरेको छ। त्यसैगरी चुरे उत्खनन् गरी निकासी पैठारी सम्बन्धी सरकारी निर्णयको पार्टीले बिरोध गर्ने निर्णय गरेको छ। मधेश प्रदेश सभा सदस्यको रिक्त स्थानमा सिराहाका सञ्जिलाकुमारी यादवलाई निर्वाचन आयोगसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।





शुभ दीपावली



लक्ष्मी पुजा तथा महान छठ पर्वको अवसरमा सम्पूर्ण शिक्षा प्रेमी, विद्यार्थी, अभिभावक, देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी एवं सम्पूर्ण ब्रतालु तथा भक्तजनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



विवेककुमार यादव
प्रधानाध्यापक
श्री सुन्दर जनता माध्यमिक विद्यालय औरही, सिरहा
एवं सम्पूर्ण विद्यालय परिवार

कृषकवर्गहरुलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नुहुन समेत अनुरोध गर्दछौं।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

मनोरञ्जन/विविध



# वेब सिरिज ‘नुनरोटी’ रिलिज

पहिलो पटक मैथिली भाषामा निर्माण गरिएको वेब सिरिज ‘नुनरोटी’ कार्तिक ९ गते रिजिल भएको छ। नुनरोटीका निर्माता/निर्देशक विकाश झाका अनुसार भारत बिहारको पटनामा प्रिमियर शो गरिने र युट्युब च्यानल मधुर मैथिलीमार्फत रिलिज गरिने वेबसिरिज नुनरोटीमा मैथिली भाषाभाषीकै कलाकारहरुले अभिनय गरेका छन्।

नून रोटी मैथिली वेब सीरिज बिहार र मिथिलामा व्याप्त बेरोजगारी र पलायनको समस्यालाई उजागार गरेको बताउँदै निर्देशक झाले भन्नुभयो, ‘मिथिला क्षेत्रमा पर्यटन र व्यवसायिक आत्मनिर्भरताको लागि के के विकल्प हुन सक्छ सो विषयमा योजना र समाधानको प्रयास समेत गर्नेछ भन्ने मेरो विश्वास छ।’ निर्माता टोलीकी सदस्य एवम् अभिनेत्री रोशनी झाले पहिलो पटक मैथिली भाषामा रिलिज भएको नुनरोटीले आफूहरु उत्साहित भएको बताउनुभयो।

नून रोटी २७ अक्टूबरदेखि मधुर मैथिली को यूट्यूब चैनलमा हेर्न सकिन र बाँकी एपिसोडको मैथिली युट्युब च्यानलको पेड सब्सक्रिप्सन गरी थोरै खर्चमा हेर्न सकिने जानकारी समेत अभिनेत्री झाले दिनुभयो। मिथिला क्षेत्रमा व्यावसायिक पर्यटनको सम्भावनाहरुको विकास तथा नुन रोटीको सुटिग मिथिलाँचलकै विभिन्न क्षेत्र दरभंगा, मधुबनी, सहरसा, सीतामढ़ी, भागलपुर, पूर्वी चंपारण र नेपालको विभिन्न ठाउँमा भएको हो। निर्माता लेखक निर्देशक विकास झा र उहाँका श्रीमती रौशनी झाले सिरिजमा मुख्य भूमिका निर्वाह गर्नुभएको छ। त्यस्तै छायांकन टीममा आनंद सोनी, विकास झा र सम्पादन प्रक्रियासमेत निर्देशक झाकै नेतृत्वमा गरिएको छ।

# कङ्गनाको सर्वाधिक फ्लप फिल्म ‘तेजस’

भारतीय अभिनेत्री कंगना रनौतको फिल्म तेजस सन् २०२३ को सर्वाधिक फ्लप फिल्म साबित भएको छ। २७ अक्टोबरमा रिलिज भएको यो फिल्मले चौथो दिनमा जम्ममा ४० लाख रुपैयाँ मात्रै कमायो। ४ दिनमा फिल्मको कलेक्सन ४ करोड १५ लाख रुपैयाँ मात्रै छ।

घोषणा भएदेखि रिलिज नहुँदासम्म फिल्मले निकै चर्चा बटुलेको थियो। फिल्मबाट दर्शकले धेरै अपेक्षा पनि गरेका थिए। तर न त फिल्मको कहानीले दर्शक तान्न सक्यो न त भीएफएक्सले दर्शकलाई आकर्षित गर्न सक्यो। दर्शकहरूलाई हलसम्म तान्नमा पूर्ण असफल रह्यो। दर्शक पाउनै छाडेपछि फिल्मको आधाभन्दा धेरै शो रद्द गरिएको छ। केही फिल्म विश्लेषकहरूले यसलाई सबैभन्दा खराब फिल्मको ट्याग लगाइदिएका छन्।

हलमा फिल्मको अकुपेन्सी ६ दशमलव ६ प्रतिशत मात्रै थियो। ओपनिङ डेमा १ कोड २५ लाख रुपियाँको कारोबार गरेको फिल्मले त्यस यता खासै राम्रो व्यापार गर्न सकेन। फिल्मको लागि सप्ताहन्त महत्वपूर्ण मानिन्छ। तर सप्ताहन्तमा समेत फिल्मले दर्शक पाएन। हलसम्म दर्शकहरु जान नमानेपछि कंगनाले सामाजिक सञ्जालमार्फत दर्शकहरुलाई फिल्म हेरिदिन अनुरोध गरेकी थिइन्। त्यसपछि उत्तर प्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथले लखनउको लोकभवन अडिटोरियममा फिल्मको विशेष स्क्रिनिङमा सहभागी भएका थिए। सो समारोहमा कंगना पनि थिइन्। सो स्क्रिनिङको तस्वीर शेयर गर्दै कंगनाले आदित्यनाथलाई धन्यवाद समेत भनेकी थिइन्।

शुभ दीपावली



शुभ दिपावली तथा छठ पूजाको अवसरमा सम्पूर्ण देशवासी तथा विदेशमा रहनु भएका दाजु तथा दिदी बहिनी एवं सम्पूर्ण औरही गाउँपालिकाका जनतामा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। लक्ष्मी तथा छठ माताले तपाई सबैलाई कल्याण गरुन्।



रेणु यादव
उपाध्यक्ष
औरही गाउँपालिका, सिरहा

शुभ दीपावली



शुभ दिपाली तथा महान छठ पर्वको अवसरमा सम्पूर्ण शिक्षा प्रेमी, विद्यार्थी, अभिभावक, देशवासी तथा विदेशमा रहनु भएका दाजु भाइ तथा दिदी बहिनीमा एवं सम्पूर्ण ब्रतालुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



रामहित यादव
क्याम्पस प्रमुख
श्री सूर्यनारायण
सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस,
सिरहा
एवं सम्पूर्ण क्याम्पस परिवार

स्वस्थ जीवनको लागि




DDC
१००%
शुद्ध गाईको दूध
दुग्ध विकास संस्थान

दिवा तथा रात्री सेवा
आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस
बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म
सम्पर्क
काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५
सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

प्रोफाईल



# नागरिकमा सेवाप्रति भरोसा र विश्वास जगाउन सफल पण्डित

महोत्तरीको मनरा शिसवा नगरपालिका-८ मा जन्मिनुभएका डा पण्डितले गाउँकै बथनाह स्कुलबाट विद्यालय शिक्षा पढ्नुभयो । उच्च शिक्षा भने चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज (टिचिङ हस्पिटल) काठमाडौँबाट हासिल गर्नुभयो ।

डा.रामनरेश पण्डितको नाम मधेश र विशेष गरी जनकपुरबासीका लागि नौलो होइन । स्त्री रोग तथा प्रसूतिका लागि पण्डित यस क्षेत्रमा पहिलो नम्बरको डाक्टरमा गनिनुहुन्छ । प्रादेशिक अस्पताल जनकपुरधामको निर्देशक समेत रहनुभएका उहाँ पछिल्लो डेढ दशकदेखि यसै क्षेत्रमा आफूलाई अब्बल प्रमाणित गर्दै आउनुभएको छ । डा. पण्डित मधेश प्रवेश गरेका बेला प्रदेशमा प्रसुति शल्यक्रिया वीरगञ्ज र जनकपुरमा मात्रै सीमित थियो । तर त्यहाँ पनि सेवाग्राहीको सँख्या पातलो थियो । "सुरुमा सुरक्षित प्रसुतिका लागि धेरै ठाउँमा शल्यक्रिया सेवा नै थिएन, न त यो विधामा धेरै चिकित्सक नै थियौँ । हाम्रो अथक प्रयासले नागरिकमा सेवाप्रति भरोसा र विश्वास जगाउन सक्यौ", डा पण्डितले भन्नुभयो ।

**पढाइमा अब्बल**

महोत्तरीको मनरा शिसवा नगरपालिका-८ मा जन्मिनुभएका डा पण्डितले गाउँकै बथनाह स्कुलबाट विद्यालय शिक्षा पढ्नुभयो । उच्च शिक्षा भने चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज (टिचिङ हस्पिटल) काठमाडौँबाट हासिल गर्नुभयो । डा पण्डितले सामान्य चिकित्सा (एचए), एमबीबीएस, स्त्री तथा प्रसूति रोगमा एमडी गर्नुभएको छ । "विसं २०४२ मा एसएलसी गरेपछि २०४६ सालमा एचए, २०५४ एमबीबीएस र २०५८ मा एमडीको पढाइ सकाएँ । त्यो समय स्त्री तथा प्रसूति रोगमा गिनेचुनेका मान्छेले मात्रै एमडी गर्थे । त्यही बेला मैले पनि अध्ययन पूरा गरेकामा अहिले गौरब महसुस हुन्छ", उहाँले भन्नुभयो । उहाँले सरकारको छात्रवृत्तिमै सबै तहका अध्ययन पूरा गर्नुभएको हो । "उच्च शिक्षाका सबै तह सरकारको पूर्ण लगानीमा पढेँ । पैसा छैन, पढ्न पाइँदैन कि भन्ने चिन्ता कहिल्यै गर्नुपरेन । यो मेरो लागि सौभाग्य र आम विद्यार्थी तथा जिज्ञासुका लागि पनि प्रेरणाको विषय हुनसक्छ", डा पण्डितले भन्नुभयो ।

**सेवामा पनि अब्बल**

विसं २०५८ मा उच्च शिक्षाको अध्ययन पूरा गरेपछि डा पण्डितले सोही वर्ष जेठमा जनकपुर आउनुभयो । जागिरको सिलसिलामा केही समय सर्लाहीको लालबन्दी प्राथमिक स्वास्थ्य केन्द्र, महोत्तरीको बर्दिवास अस्पताल र उदयपुरमा काम गर्नुभयो । त्यसअघि सामान्य चिकित्सा विषयमा अध्ययनपछि काठमाडौँको परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथलीमा स्थायी जागिरेका रुपमा सेवा गर्नुभयो ।

"सेवा सुरु गरेको २२ वर्षमा केही समय बाहिर रहेँ हुँला तर त्यसपछि निरन्तर जनकपुरमै छु । पछिल्लो १५/१६ वर्षदेखि त प्रादेशिक अस्पतालबाट कार्यसम्पादन गरिरहेको छु । यसरी आफ्नै क्षेत्रका नागरिकको सेवा गर्न पाउनु मेरो सौभाग्य पनि हो", डा. पण्डित भन्नुहुन्छ ।

यस अवधिमा प्रादेशिक र निजी अस्पतालमा समेत गरी सानोतिनोबाहेक करिब १० हजार जति शल्यक्रिया र लाखौँ नागरिकको उपचार गर्ने अवसर पाएको उहाँले बताउनुभयो । "म प्रादेशिक अस्पतालमा आउँदा प्रसूति वार्डमा प्रायः बेड खाली हुन्थे । नागरिकको विश्वास जित्न धेरै प्रयत्न गर्‍यौं, जसले नागरिकलाई आकर्षित गर्दै लग्यो । अहिले त बेड पाउनै मुस्किल छ", उहाँले स्मरण गर्नुभयो, "त्यसको मुख्य कारण सरकारी नीति, गुणस्तरीय सेवा र जटिल अवस्थामा पनि सहजरुपमा काम गर्ने हामीजस्ता चिकित्सक नै हौं ।"

**अनुभव र सिकाइ**

चिकित्सा क्षेत्रमा डाइग्नोसिसअर्थात् रोगको पहिचान सबैभन्दा जटिल र महत्वपूर्ण विषय भएको बताउनुहुने डा.पण्डित त्यसमा आफू नेतृत्वको टिमले प्रदर्शन गरेको सफलताले नै जनकपुरलाई प्रसूति सेवाको 'हब' बनाउन सहजभएको धारणा राख्नुहुन्छ । "सेवा अवधिमा १० हजार पटक शल्यक्रिया गरेको हुँदा, तर त्यसमा पनि २० देखि २५ वटा जटिल बिरामीलाई बचाउन सफल भएको क्षणले मलाई हरक्षण सेवामा खटिन ऊर्जा दिइरहन्छ", उहाँ भन्नुहुन्छ ।

डाक्टरका रुपमा सबैभन्दा आनन्द कति बेला आउँदो रहेछ ? सोधेको प्रश्नमा डा पण्डितले भन्नुभयो, "खोइ के हुने हो भन्दै अपरेसन थिएटर पसेको डाक्टरको टोली सफल भए फर्केको क्षण सबैभन्दा आनन्द दिने खालको हुन्छ, बिरामी र उनीहरुका आफन्तले पनि धन्यवाद दिनुहुन्छ ।" उहाँका अनुसार 'युट्राइन इन्भर्सन' अर्थात् बच्चा जन्मिएपछि पाठेघर उल्टिने समस्यालाई जटिल मानिन्छ । त्यस्तो बेला बिरामीलाई अर्को ठाउँमा रेफर गर्ने विकल्प पनि रहँदैन । त्यसैले तत्काल सही उपचार नपाएमा अत्यधिक रक्तस्रावका कारण आमाको ज्यान जान्छ । यस्ता कैयन जटिल केसमा सफलता प्राप्त गर्दा आफ्नो अध्ययन, सिकाइ र जीवनको लक्ष्य नै सफल भएको अनुभूति हुने गरेको डा.पण्डितको भनाइ छ ।

बच्चा पेटमा भएका बेला ब्लडप्रेसरका कारण कम्पन हुने समस्या र गर्भपतनको बेला पाठेघरमा प्वाल परेको समस्यालाई पनि सफलतापूवर्क निदान गरेको परिघटनाले थप जिम्मेवार बनाउने गरेको डा पण्डितको भनाइ छ । डा.पण्डित अहिलेसम्मको अनुभव र सिकाइ अब सोही अस्पतालको श्रीवृद्धिमा प्रयोग गर्ने योजनामा हुनुहुन्छ । "म निर्देशकको रुपमा आएपछि मुटुरोग सेवा सुरु गरिसकेका छौँ । अब चाँडै एमआरआई, क्याथल्याब, न्यूरो सर्जरी, क्यान्सरको सेवा सुरु गर्ने तयारीमा छौँ । त्यसबाहेक यहाँको फोहर व्यवस्थापनका लागि नागरिक र पूर्वाधार निर्माणका लागि सरकारले सक्दो सहयोग गरेमा गुणस्तरीय सेवा दिन हामी कटिबद्ध छौँ", उहाँले योजना सुनाउनुभयो ।

**समस्या के छ ?**

मधेस जनसँख्याको हिसाबले ठूलो र सबैभन्दा बढी जन्मदर भएको प्रदेश पनि हो । त्यस हिसाबले यहाँ पर्याप्त सरकारी अस्पताल र स्वास्थ्य पूर्वाधार हुनु आवश्यक छ । मुलुकमा सङ्घीयता आएपछि मधेसका दुई ठाउँमा सीमित प्रसूति शल्यक्रिया सुविधा सबैजसो मुख्य अस्पतालमा पुगे पनि त्यसलाई सुविधासम्पन्न बनाउन जरुरी रहेको डा पण्डितको भनाइ छ ।

त्यस्तै पाँच वर्ष पहिले यस प्रदेशमा शल्यक्रियामार्फत बच्चा जन्माउने दर पाँच प्रतिशतभन्दा कम थियो । त्यो विश्व स्वास्थ्य सङ्गठनको मापडण्डअनुसार सुरक्षित प्रसूति सेवाको पहुँच नपुगेको सङ्केत हो । तर सङ्घीयतापछिका वर्षमा सुरक्षित प्रसूति सेवा पुगेकै कारण देशको मातृ मुत्युदरप्रति १० लाखमा एक सय ५१ हुँदा मधेसमा भने एक सय ४२ हुनु सुखद् पक्ष भएको डा पण्डितले बताउनुभयो । डा पण्डितका अनुसार लिङ्ग पहिचान गरी हुने गर्भपतन यहाँको अर्को डरलाग्दो समस्या हो । "गर्भपतनले कानुनी मान्यता नपाउनुभन्दा अघि महिलाले अकालमा ज्यान गुमाउनुपर्थ्यो । गर्भपतनको अधिकार पाएपछि भने 'सेक्स सेलेक्टिभ एभोर्सन' बढ्दै गएको छ । परिणामस्वरुप छोरीहरुले गर्भमै तुहिनुपर्ने अवस्था छ । त्यसै कारण त मधेसमा एक सय जना महिलामा एक सय १८ पुरुष छन्", डा पण्डितले भन्नुभयो । उहाँका अनुसार धनुषाको अवस्था झन विकराल छ । यस जिल्लामा एक सय महिलामा एकसय ३६ पुरुष छन् । अल्ट्रासाउण्डबाट लिङ्ग पहिचान गरेर भ्रुण हत्या समयमै रोक्न नसकेमा लैङ्गिक सन्तुलनमा गम्भीर समस्या आउने छ ।

डा पण्डित चिकित्सकको भूमिकाका कारण निम्तिने अविश्वासको सङ्कट पनि समस्याका रुपमा रहेको धारणा राख्नुहुन्छ । त्यसैले उहाँ आवश्यक नभएको अवस्थामा पनि पैसाकै लागि डाक्टरले शल्यक्रिया गर्ने गरेको आरोप चिर्नुपर्ने आवश्यकता औँल्याउनुहुन्छ ।


शुभ दीपावली



चुरे संरक्षण गरौं, मधेश बचाउ

धनकी देवी लक्ष्मी पुजा तथा सूर्यको देवता छठ पर्वको अवसरमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी विहिनी एवं सम्पूर्ण सिरहाबासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। माता लक्ष्मी एवं छठी मैयाले सबैलाई कल्याण गरुन्।



**विष्णु कुमार साह**
मधेश प्रदेश अध्यक्ष
चुरे संरक्षण तथा पर्यटन प्रवर्द्धन फाउडेशन नेपाल एवं
अध्यक्ष
सिरहा समाज सेवा

शुभ दीपावली



हिन्दुहरु महान चाड दिपावली, छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी एवं सम्पूर्ण ब्रतालु, भक्तजनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। दीप तथा सूर्यको रोसनी जस्तै तपाईको जीवन उज्यालो होस् भनि कामना गर्दछु।



**विनय यादव**
संयोजक
राष्ट्रिय एकता अभियान

कृषक पाना

# कोरिया र नेपालबिच कृषिमा भयो आठ बुँदे सम्झौता

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र गणतन्त्र कोरियाको कृषि, खाद्य र ग्रामीण मामिला मन्त्रालयबीच कृषिका विभिन्न विषयमा सहकार्य गर्ने आठ बुँदे सम्झौता भएको छ। सम्झौतापत्रमा नेपालको तर्फबाट कृषि मन्त्री डा.बेदुराम भुसाल र कोरियाको तर्फबाट कृषि मन्त्री चुङ्ग व्हाङ्ग क्वुनले हस्ताक्षर गर्नुभएको छ ।

कृषि तथा पशुपन्छीका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विकास, पूर्वाधार विकास र क्षमता अभिबृद्धिमा दुई देश बिचको सहयोग र सहकार्य गर्न सकिने, नार्क र कोरियाको कृषि अनुसन्धान परिषद् बीचको सहकार्य गर्ने, दुई देशका कृषि विश्वविद्यालयहरुको सहकार्यमा कृषि अनुसन्धान तथा अध्ययनका कार्यहरु अगाडी बढाउने भनि सम्झौतापत्रमा उल्लेख छ । संरक्षित कृषि, उच्च मूल्यमा जाने कृषि उपजको उत्पादन, प्रशोधन र बजारीकरणमा थप कार्य गर्ने पनि सम्झौता भएको छ । कृषि पूर्वाधारहरुको विकास, तालिम केन्द्र निर्माण, कृषि बजार विकासमा सहकार्य गर्नुको साथै प्राविधिक मानव संशाधन, युवा कृषकहरु तथा निजी क्षेत्रमा कृषि उद्यमीहरुको क्षमता अभिबृद्धि गर्न कार्यमा पनि सहकार्य गर्ने सम्झौता भएको कृषि मन्त्रालयले जनाएको छ ।

कृषि मन्त्री भुसालले कृषि क्षेत्रका लागि भएको सम्झौताले दुई देशबीचको सम्बन्धलाई थप विस्तार र प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो । कोरिया सरकारबाट रेशम खेती प्रवर्द्धन, दुग्ध क्षेत्र विकास र तरकारीको मूल्य श्रृङ्खलाको विकासमा भएको सहयोगबाट नेपालले लाभ लिएको उहाँले बताउनुभयो ।

कोरियाका कृषि मन्त्री चुङ्ग व्हाङ्ग क्वुनले कृषि क्षेत्रमा दुवै देश सहकार्य गरेकोमा आफूलाई निकै खुशी लागेको बताउनुभयो । कोरिया सरकारले नेपाललाई सधैं उच्च प्राथमिकतामा राखको बताउँदै उहाँले कोएकामार्फत नेपालको कृषि क्षेत्र लगायत अन्य विभिन्न क्षेत्रहरुमा सहयोग हुँदै आएको र अगामी दिनमा पनि सहयोग जारी राख्ने प्रतिवद्धता जनाउनुभयो ।

कृषि क्षेत्रतर्फ पनि हालै मात्र हेफर कोरियामार्फत नेपाललाई उच्च प्रजनन मानका १०१ वटा गाईहरु सहयोग स्वरुप उपलब्ध गराएको बताउँदै मन्त्री क्वुनले तरकारी तथा फलफूलको मूल्य श्रृंखला विकासका लागि तरकारी तथा फलफूलका लागि मूल्य श्रृङ्खला कार्यक्रम नामको परियोजना सञ्चालन भइरहेको र भविष्यमा थप कार्यक्रमहरु सञ्चालन गरिने जानकारी दिनुभयो ।

# भारतबाट हुने फूल आयातमा रोक लगाउन सरकार नै अन्योलमा

नेपाली फूलको प्रवर्द्धन गर्नका लागि सरकारले भारतबाट आयात हुने फूलमा प्रतिबन्ध लगाएको छ । कृषि तथा पशुपन्छी विकास अन्तरर्गतको पुष्प विकास केन्द्रले कात्तिक १ गतेदेखि लागु हुने गरि आयातका लागि सिफारिस नगर्ने निर्णय गरेको छ । सिफारिस नै नगरेपछि आयात नहुने बुझाई पुष्प विकास केन्द्रको रहेको छ । तर प्लान्ट क्वारेन्टाइनले इजाजत दियो भने मज्जाले आयात गर्न सकिने प्रावधान रहेको छ ।

फूल तथा फूलको बोट, विरुवा, बीउ बिजन सम्बन्धी कार्यलाई संघीय संघीय सरकारको तर्फबाट पनि पुष्प विकास केन्द्रले हेर्ने भएकाले देशव्यापी रुपमा नै प्रतिबन्ध लगाएको कृषि मन्त्रालयले जनाएको छ । फूलमा आत्मनिर्भर हुनका लागि नै आयातमा प्रतिबन्ध लगाएको अर्थात सिफारिस गर्न बन्द गरिएको हो तर प्लान्ट क्वारेन्टाइनले सयपत्री फूलमा कुनै रोग छैन भनि निरोगिताको प्रमाणपत्र ल्याएर दियो भने फूल आयात गर्न नदिने बताएको छ ।

यो तिहारमा १०-१५ प्रतिशत फूल अपुग हुन सकिने देखिएको छ, कात्तिक १ गतेभन्दा पहिले सिफारिस लिइसकेका व्यवसायीले मात्र आयात गर्न सकिने पुष्प विकास केन्द्रका प्रमुख सुधिर श्रेष्ठले बताउनुभयो । पुष्प विकास केन्द्रका प्रमुख श्रेष्ठले फूलमा नेपाल लगभग आत्मनिर्भर नै छ, गत वर्षभन्दा यसपाली उत्पादन पनि बढी भएका छन्, त्यसले गर्दा आफ्नै उत्पादनले पुग्ने भएपछि आयातका लागि सिफारिस गर्ने छैनौं ।'

फूल आयातका लागि केन्द्रले नै सिफारिस गनुपर्ने हुन्छ । त्यो सिफारिस अहिलेलाई बन्द गरिएको उहाँले बताउनुभयो । तर प्लान्ट क्वारेन्टाइनले चाहेमा फूल आयातका लागि इजाजत दिन सक्छ । केन्द्रले सिफारिस गरेपछि फूल ल्याउने इजाजत प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले दिने गर्छ । प्लान्ट क्वारेन्टाइन केन्द्रका अधिकृत महेशचन्द्र आचार्यले भन्नुभयो, 'पुष्प विकास केन्द्रले फूल आयात गर्न सिफारिस दिए पनि नदिए पनि खासै फरक पर्दैन भारतबाट आउने फूल निरोगी छ भनि प्रमाण पेस गरेमा हामीले आउन दिन्छौं ।'

सबै प्रकृया पुरा गरेमा आफूहरुले नाकामा फूल रोक्न मिल्दैन तर नेपालमा सयपत्रीमा नपाइने रोगहरु पनि भारतमा पाइएको र त्यही भएर अलि कडा गरेको बताउँदै उहाँले कुन प्रकारको रोग वा किटाणु छैन भनि प्रमाणित भयो भने आयात गर्न दिने उहाँले बताउनुभयो । पुष्प विकास केन्द्रले फूलको बिउ, विरुवाका लागि सिफारिस नगरेसम्म क्वारेन्टाइनले आयात गर्न नदिने प्रावधान रहेको छ । फूलको बिउ, विरुवा आयातका लागि पुष्प विकास केन्द्रको सिफारिस अनिवार्य छ तर फूल आयातका लागि छैन ।

**घर...**

हालैको जनसंख्याको परिणाम अनुसार तराई मधेशमा ६३ प्रतिशत जनताको बसोबास छन् । ६३ प्रतिशत जनता बस्ने ठाउँबाट गिटी, बालुवाको निकासी पैठारी गर्दा, अत्याधिक मात्रामा चुरेको दोहन गर्दा त्यहाँको पर्यावरण बिग्रिने, जैविक विविधता संकटमा पर्ने र तराई मरुभूमीकरण हुने अवस्था सृजना भएको छ ।

कहिले काही वर्षा भयो भने त्यहाँको माटो, बालुवालाई बगाएर लैजान्छ र अरुबेला सुक्छन् । त्यसले गर्दा तराई मधेशमा जीवजन्तु र मानवजातीका लागि अत्यन्तै संकटको अवस्था सृजन हुँदै गइरहेको छ । तराईलाई मरुभूमीकरणबाट बचाउनका लागि पहाडमा वृक्षारोपन गर्नुपर्छ र चुरे क्षेत्रमा हुने उत्खनन्, वन जंगल फडानी, वस्ती विस्तार, सडक विस्तार, कलकारखानाको स्थापना जस्ता हरेक नकारात्मक गतिविधि रोक्नुपर्दछ ।

**माफियाको चङ्गुलमा सरकार**

चुरियाबाट ढुगां, गिटी, बालुवा निकालेर विदेश निर्यात गर्ने र अर्थ आय आर्जन गर्ने सरकारको सोच रहेको छ । यसका पछाडी देशी, विदेशी ठूला ठूला माफिया र तस्करहरुको खेल भइरहेका छन् । उनीहरुले कमिशन दिएर नेपालको प्राकृतिक सन्तुलनलाई बिगार्ने गरी यहाँका ढुगां, गिटी, बालुवा लगेर बेचबिखन गरी धनाढ्य हुने र नेपाललाई मरुभूमीकरण गर्ने काम गर्न गइरहेका छन् ।

यस्ता कार्यलाई सरकार, बौद्धिक वर्ग, पर्यावरण विज्ञले रोक्नुपर्दछ । २०७१ असार २ गते सरकारले राजपत्रमा प्रकाशित गरेर वतावरण संरक्षक क्षेत्रको रुपमा चुरिया क्षेत्रलाई घोषणा गरिसकेको छ । कानुनी रुपले त्यहाँबाट हुने उत्खनन्लाई प्रतिबन्ध लगाई सकेको थियो तर अहिले ठूल्ठूला माफियाहरु जसले राजनीतिक दल, सरकार र सरोकारबालालाई समेत प्रभाव पार्ने क्षमता राख्दछन् । उनीहरुले यस्ता काम गराउन लागि परेका छन् ।

ती माफियाहरुले लविङ गरेर चुरेभावर र तराई क्षेत्रबाट गिटी, ढुगां, बालुवा निकासी पाउनु पर्छ भनि राज्यलाई प्रभावित पार्न खोजेका छन् । यो कार्यलाई रोक्नुपर्छ । तराईलाई संरक्षण गर्नका लागि, देशलाई मरुभूमी हुनबाट जोगाउनका लागि, जीवजन्तुको रक्षाका लागि सबै लाग्नु पर्दछ । जीवन बचाउन, चुरिया जोगाउन अभियानमा लाग्नु पर्दछ ।

*(जसपाका अध्यक्ष उपेन्द्र यादवसँग गरिएको कुराकानीमा आधारित)*

**के व्यवस्थापन...**

भए निजको नियुक्ति प्रकृयागत रहेको छ वा कागजि मिलान ? पालिकाबाट जाने अनुदानको सदुपयोग भएको हो कि दुरुपयोग ? यी खोजबीनको विषय हुन् ।

कारण, स्थानीय तहले स्वीकृति दिने सिकाई केन्द्रको स्थापनाका बखत एक घरधुरीबाट एक जनाको प्रतिनिधित्व हुनेगरी नगरपालिकामा कम्तीमा एकसय प्रतिनिधिको सामुहिक निर्णय हुनुपर्ने हुन्छ । स्थलगत निरिक्षण गरी राय सहितको प्रतिवेदन पेस गर्नुका साथै सिकाई केन्द्रले सञ्चालन गर्ने कार्यक्रममध्ये कम्तीमा सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा हुनुपर्छ । त्यस्तै, मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम, परम्परागत सीपको प्रवर्द्धन तथा आधुनिकीकरण कार्यक्रमलगायत अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय, सञ्चारको व्यवस्था र प्रयोगको सुनिश्चितता, सूचना मूलक जानकारी जस्ता सेवाहरु केन्द्रले उपलब्ध गराउनुपर्ने हुन्छ । बित्तीय लेखापरीक्षण र सामाजिक परीक्षण प्रतिवेदन केन्द्रको साधारण सभामा पेस गर्नुपर्ने वार्षिक प्रतिबेदन, लेखा परीक्षण प्रतिबेदन र सामाजिक परीक्षणको प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र स्थानीय तहमा पेस गर्नुपर्ने साधारण सदस्यको भेलाले ब्यवस्थापन समिति गठन गर्नुपर्ने कानुनी ब्यवस्था छ ।

सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ मा भएका ब्यवस्था अनुसार केन्द्रको सेवा क्षेत्रभित्रका साधारण सदस्यको भेलाले छनौट गरेका शिक्षाकर्मी वा शिक्षाविद् मध्येबाट एक जना, स्थानीय तहले मनोनित गरेको एक जना, सेवा क्षेत्र भित्रका दलित र महिला शिक्षाविद् वा शिक्षा अभियन्ता मध्येबाट समितिको अध्यक्ष बनाउनु पर्ने हुन्छ । तर तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट सञ्चालनका बखत समितिका अध्यक्ष हालसम्म अध्यक्ष बन्दै आएका र परिचालिकामा आफ्नतलाई भर्ना गरेको विषय पालिकाको नजरसम्म पुगेको छैन । सो मापदण्डको बुंदा नम्बर १० मा सिकाई केन्द्रले कानूनमा भएका ती व्यवस्थाहरु लागु गरेका छन् वा छैनन् । यसको लेखाजोखा पालिकाबाट हुन जरुरी छ ।

*(लेखक परशुराम साह शिक्षक हुनुको साथै सूचनाको हकको अभियन्ता हुनुहुन्छ)*

"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुर्‍याउछ ।

**राष्ट्रिय दुग्ध विकास बोर्ड**

**ललितपुर, नेपाल**

**फोन. ०१–५५२५४००**



## आफ्नो...

कुनै चिन्ता थिएन । छोरी अलि ठूली भएपछि जागिरमा जाने सोच बनाउनु भएको थियो र श्रीमान पनि त्यही चाहनु भएको छ ।

**जनकपुर फर्के**

त्यही बेला सन् २०२० मा कोरोनाको लहर सुरु भयो । उहाँहरु कसो कसो गरी दिल्लीबाट नेपालको जनकपुर फर्किनुभयो । जनकपुरमा बस्न थाले पनि किर्तिका र उहाँका बच्चामाथि कसैले ध्यान दिइरहेका थिएनन् । किर्तिकाले छोरी जन्माएको कारणले घरमा कोही पनि खुश थिएनन् ।  किर्तिकाबाट सबै जना अलग-थलग बस्ने थालेका थिए । यहाँसम्म कि श्रीमान राजु पनि किर्तिकाबाट विस्तारै विस्तरै दुरी बढाउन थाल्नुभयो । किर्तिका अनुसार राजु आफ्नो आमाको कुरा बढी सुन्नु हुन्थ्यो, उहाँले भनेको कुरा मात्र मान्नु हुन्थ्यो ।

किर्तिका भन्नुहुन्छ, 'उहाँहरुले ममाथि जेजस्तो व्यवहार गरेपनि एउटा बुहारीले घरमा कस्तो कर्तव्य निर्वाह गर्नुपर्छ ती सबै कर्तव्य निर्वाह गरे ।' कोरोना नियन्त्रण भएपछि किर्तिका श्रीमान जागिरका लागि दिल्ली फर्किनुभयो । यता, राजुका आमा बुवाले इण्डियन सर्टिफिकेटलाई इकोभ्यालेन्ट गराउन किर्तिकालाई काठमाडौँ पठाउनुभयो । सर्टिफिकेट इकोभ्यालेन्ट गरेपछि नेपालमा पनि केही गर्न सकिन्छ भन्दै किर्तिकालाई काठमाडौँ पठाउनु भएको थियो । तर काठमाडौँ जानका लागि कसैले एक रुपियाँ दिएनन् ।

उहाँले आफ्नो दिदीलाई भनेर प्लेनको टिकट काटेर काठमाडौँ जानुभएको थियो । त्यतिबेला उहाँले आफ्नो छोरीलाई सासु आमा कहाँ छाडेर काठमाडौँ जानुभएको थियो । काठमाडौँ आएर दिदी रिना यादवको घरमा बस्नुभयो । तर काठमाडौँमा निकै खर्च भइहरेको कारण पैसाको अभाव किर्तिकालाई भयो । फेरि इकोभ्यालेन्ट गराउन पनि पैसा लाग्ने भएकाले उहाँले आफ्नो ससुरबुवासँग पैसा माग्नुभयो । किर्तिकालाई तत्काल १५-२० हजार रुपियाँ चाहिएको थियो । त्यति रकम दिन उहाँका ससुरबुवा इन्कार गर्नुभयो ।

दिल्लीमा रहनु भएको आफ्नो श्रीमान राजुसँग पनि उहाँले पैसा माग्नुभयो । तर उहाँले पैसा दिनु कता हो कता उल्टै जथाभावी कुरा भन्दै किर्तिकाका बुवालाई फोन गरेर विभिन्न कुरा लगाउनुभयो । जसोतसो उहाँका ससुरबुवाले पाँच हजार रुपियाँ पठाई दिनुभएको थियो । तर किर्तिकालाई अझै १० हजार रुपियाँ चाहिएको थियो । फेरि ससुरबुवालाई नै फोन गर्नुभयो । उहाँका ससुरबुवाले फोन रेकर्डमा राखेर जथाभावी बोल्न थाल्नुभयो । गलत देखाउने गरि कुराकानी गर्न थालेपछि किर्तिकाले त्यो कुरा थाह पाउनुभयो र फोन काट्नुभएको थियो । घरका सबै मान्छेले किर्तिकाको फोन ब्लक गर्नुभएको थियो । कसैसँग सम्पर्क भइरहेको थिएन । किर्तिका काठमाडौँमा छोरीका लागि छटपटिनु भएको थियो ।

छोरीको चिन्ता लागेपछि उहाँले फेरि आफ्नो दिदी रिनासँग पैसा मागेर टिकट काटी जनकपुर फर्किनु भएको थियो । काठमाडौँ फर्केर एकै पटक छोरी पढ्ने स्कूल जानुभयो । छोरीलाई लिएर आफ्नो घर नगइ दिदी रिनाको घरमा जानुभयो । यसरी घरमा कसैलाई जानकारी नदिइकन छोरीलाई लिएर दिदी घर गएपनि सासु ससुराले छोरीको बारेमा कसैले सोधखोज गर्न नआएको कारणले पनि आफू त्यो घरमा असुरक्षित रहेको कुरा महसुस भएको उहाँले बताउनुभयो ।

त्यही भएर भोलीपल्ट किर्तिकालाई आफ्नै घरमा जान डर लाग्न थाल्यो । घरमा गएपछि सासु आमा र ससुर बुवा तथा श्रीमानले मिलेर केही गर्दिनु हुन्छ कि भनि उहाँलाई शंका थियो । एक्लै जान हिम्मत नै भएन उहाँलाई । त्यतिबेला केही राजनीतिक काम परेर डा.रिना यादव पनि व्यस्त हुनुभएको थियो । अन्त्यमा एक जना छिमेकीलाई लिएर घरमा जानुभयो । घरमा छिर्ने बित्तिकै उहाँका ससुरबुवाले धाका मारेर बाहिर निकाल्ने प्रयास गर्नुभयो । उहाँले किर्तिकासँग दहेजको कुरा गर्न थाल्नुभयो । त्यसपछि उहाँको सासु आमा, नन्द पनि आउनुभयो । किर्तिका भन्नुहुन्छ, 'उहाँहरु आइसकेपछि सबैजना ममाथि जाइ लाग्नुभयो, मलाई घर छाडेर जान भन्न थाल्नुभयो । किर्तिकाले आफू बिहे गरेर आएको कारण कुनै पनि हालतमा यो घर छाडेर नजाने अडानमा बस्नुभयो । त्यसपछि उहाँहरुले किर्तिकामाथि हमला गर्ने प्रयास गर्नुभयो । किर्तिकाले भन्नुभयो, 'सासु र ससुराले आफ्नो लुगा आफै च्यात्नुभयो र कराउन थाल्नुभयो र चक्कु लिएर मलाई हान्न आउन लाग्नुभयो त्यसपछि मलाई डर भयो र म त्यहाँबाट निस्के, यदि म ननिस्केको भए कुनै ठूलो दुर्घटना हुन्थ्यो ।'

उहाँ भागेर बाहिर निस्केर आफ्नो दिदी रिनालाई फोन गर्नुभयो । उहाँको दिदी तुरुन्तै आउनुभयो । अरु मान्छेहरु पनि त्यहाँ जम्मा भएका थिए । रिनाले किर्तिकालाई लिएर प्रहरीमा जानुभयो । प्रहरीमा जाने बित्तिकै काँग्रेसका नेता रामसरोज यादवको फोन आयो । प्रहरीलाई कुनै पनि एक्सन नलिन रामसरोजले दबाव दिएको किर्तिकाले बताउनुभयो । त्यसपछि प्रहरीले त्यहाँबाट किर्तिकालाई महिला सेलमा पठाई दियो । महिला सेलमा जाँदा पनि रामसरोजले त्यहाँका प्रहरीलाई फोन गरि दिएपछि त्यहाँ उल्टै किर्तिकामाथि दुरव्यवहार भयो । श्रीमान राजुले उल्टै किर्तिकामाथि अदालतमाथि डिभोर्सको मुद्दा दायर गर्नुभएको थियो । तर किर्तिकाले डिभोर्स चाहनु भएको थिएन । त्यही घरमा बस्न चाहनु भएको थियो । तर उहाँका श्रीमान, सासु र ससुर बुवाले अनेक आरोप उहाँलाई लगाउनु भएको थियो । चरित्रमाथि पनि प्रश्न उठाउनु भएको थियो ।

त्यसपछि बाध्य भएर आफूले अंकको माग गर्दै जिल्ला अदालतमा मुद्दा दायर गरेको उहाँले बताउनुभयो । त्यस अवस्थामा पनि एकपटक उहाँले आफ्नो श्रीमानसँग कुरा गर्न चाहनु भएको थियो तर उहाँका सासु आमाले गर्न दिइरहनु भएको थिएन । घरमा हुँदा पनि बोल्न दिइरहनु भएको थिएन । किर्तिका भन्नुहुन्छ, ' एकपटक पनि मेरो श्रीमानसँग कुरा गर्न दिएको भए म सबै कुरा मिलाउँथे जस्तो लाग्छ तर सासुआमाले बोल्न नै दिनुभएन । प्रहरीलाई पनि आग्रह गरे, त्यो पनि सक्नु भएन महिला आयोग, महिला सेल सबै ठाउँमा आग्रह गरे तर कसैले पनि श्रीमानसँग कुरा गराउन सकेन ।' पछि रामसरोजले आफ्नो गुण्डा किर्तिका बस्ने कोठामा रातीराती पठाएर टर्चर दिन लगाउनु हुन्थ्यो । किर्तिकाले भन्नुभयो, 'म आफ्नो श्रीमानकै घरमा छोरीका साथ एउटा कोठामा बस्थे तर पछि रामसरोजले आफ्ना गुण्डाहरुलाई पठाएर मलाई दुख दिन थालेपछि बाध्य भएर त्यो घर छाडेर निस्केको थिए ।'

अदालत, प्रहरी चौकी, मानव अधिकार आयोग जस्ता विभिन्न ठाउँको चक्कर उहाँले लगाई रहनु भएको थियो । त्यही बेला निहारिकाको घटना निकै चर्चामा थियो । काठमाडौँदेखि जनकपुरसम्म निहारिकाले आफ्नो अधिकारका लागि एक्लै लडि रहनु भएको थियो । त्यसबाट प्रभावित भएर उहाँले पनि हिम्मत हार्नुभएन र अन्तिमसम्म लड्ने अठोट लिनुभएको थियो ।

र, उहाँले आफ्नो लागि लड्नुको साथै निहारिकाको आन्दोलनलाई सघाउ थाल्नुभयो । आफ्नो लागि पनि लड्न थाल्नुभयो । यसरी निहारिका, बिनुलगायत थुप्रै पिडितहरुसँग उहाँको सम्पर्क भयो । ती सम्पर्क प्रहरी तथा अदालत आउजाउ गर्दा भएको थियो । त्यसपछि किर्तिका आफ्नो लागि भन्दा बढी अरुका लागि लड्न थाल्नुभयो । सर्वोच्च अदालतको अगाडि अरुकै लागि धेरै पटक प्रदर्शन गर्नुभयो । त्यो क्रममा थुप्रैपटक गिरफ्तार पनि हुनुभयो । काठमाडौँमा पहाडी पिडितका लागि बोल्ने धेरै हुन्थ्यो तर मधेशी पिडित महिलाको बारेमा बोल्ने कोही नभएपछि उहाँले उनीहरुको आवाज बन्नुभयो । पिडित महिलाहरुको सहयोगी बन्नुभयो । उहाँहरुको लागि कानुनी लडाई लड्नुको साथै समाजिक लडाई पनि लड्न थाल्नुभयो । उहाँले छुट्टै समूह बनाएर राज्यसँग लडाई लडिरहनु भएको छ । यस लडाईमा उहाँका आमा-बुवाको पनि सहयोग रहेको छ । किर्तिका भन्नुहुन्छ, 'मेरो आमाबुवालाई ममाथि विश्वास छ, म जे गरिरहेको छु समाजका लागि गरिरहेको छु त्यसमा मेरो बुवा विश्वस्त हुनुहुन्छ र नैतिक सपोर्ट गर्नुभएको छ ।'

## कोशी...

छ । त्यसमा महासचिव गगन थापाले पनि साथ दिइरहनु भएको छ । महासचिव थापाले पनि माओवादीको साथ छाडेर एमालेसँग सरकार बनाउनुपर्ने पटक पटक भन्नुभएको छ । एमालेले पनि शेखर कोइराला समूह र जसपाको सहयोगमा गठबन्धन भत्काई दिने भनि कसरतमा लागेको छ र मंसिर मसान्तसम्मको डेटलाइन पनि तोकेको छ । मंसिरसम्म माओवादी अध्यक्ष प्रचण्ड नेतृत्वको सरकार ढाल्ने गृहकार्यमा लागेको छ र त्यसका सुरुवात कोशी प्रदेशबाट सुरु गरेको छ ।

## योगराजलाई...

अदालतले उहाँलाई जेल चलान गरेको थियो । तर २०७६ मा मन्त्रीपरिषदको निर्णयबाट संविधान दिवसको अवसरमा तत्कालिन राष्ट्रपति भण्डारीले माफी दिनुभएको थियो । २०५८ मंसिरमा सिरहा भगवानपुर-४ का दिनेश यादव र राजेन्द्र यादवबीच बसको विषयमा विवाद भएको थियो । सो विवादमा रामशंकरका सहयोगीले गोली चलाउँदा सुरक्षामा खटिएका प्रहरी जवान यमबहादुर बस्नेतको ज्यान गएको थियो । सो घटनामा संलग्न रहेको भन्दै सिरहा जिल्ला अदालतले रामशंकरलाई कर्तव्य ज्यान मुद्दामा २०६१ माघमा सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो ।

तर सो फैसलापछि रामशंकर फरार हुनुभएको थियो । २०६९ पुस ३ गते केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले उहाँलाई काठमाडौंको काँडाघारीबाट पक्राउ गरी अदालतमा बुझाए पछि चेल चलान हुनुभएका उहाँले तत्कालिन राष्ट्रपति भण्डारीबाट आममाफी पाउनु भएको थियो ।  प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार यस्ता व्यक्ति उम्मेदवारका लागि अयोग्य मानिएको छ । तर राजनीतिक दबावका कारण उहाँ उम्मेदवार बन्न मात्र होइन, चुनाव जित्न पनि सफल हुनुभयो । ऐनको दफा १३ को (ङ) मा संगठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसुरमा २० वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले ६ वर्ष पूरा नभएका व्यक्ति उम्मेदवारका लागि अयोग्य मानिने उल्लेख छ । यो ऐन अनुसार यादवले राष्ट्रपतिबाट आम माफी पाएको ६ वर्ष पुगेको थिएन तैपनि उहाँलाई उम्मेदवार बनाइएको थियो ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,**

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार